# खोजतलास

www.khojtalashonline.com

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक ३४ ◆ ४ साउन २०८०, बिहीबार (20 July, 2023 Thursday) ◆ नेपाल सम्वत ११४३ मूल्य रु २०/-


## मोदी यसकारण बन्ने छन् तेस्रो पटक प्रधानमन्त्री



काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तेस्रोपटक प्रधानमन्त्री बन्न अग्रिम चुनावी तयारीमा होमिएका छन् । यसका लागि उनले आन्तरिक र बाह्य रणनीति बनाएर काम थालिसकेका छन् । मोदी दोस्रो कार्यकाल पूरा हुन लाग्दा झन् शक्तिशाली बनेका छन् । सन् २०१४ देखि प्रधानमन्त्री रहेका मोदी तेस्रो कार्यकालयका लागि सन् २०२४ को लोकसभा चुनावमा भारतीय जनता पार्टी र गठबन्धन दलसहित तयारीमा बढिसकेका छन् । मोदीले ९ वर्ष भारतको प्रधानमन्त्री बनेर दुनियाँको पाचौं ठूलो अर्थतन्त्रका रुपमा स्थापित गराउन सके । सैन्य शक्तिका दृष्टिले पनि भारत बलियो बन्यो । विज्ञानका क्षेत्रमा पनि भारतले अभूतपूर्व सफलता हासिल गर्‍यो । उसले चन्द्रमामा यान पठायो ।

तिव्र आर्थिक वृद्धिमा उक्लिरहेको भारत सँसारकै सबैभन्दा बढी रेमिटेन्स

बाँकी सातौं पृष्ठमा

## महिमा सहकारीद्वारा पीडित ऋणी न्याय खोज्दै

# प्रदेश सरकारको आदेशलाई धोती लगाउँदै धितोवापतको जग्गा खाने दाउमा सहकारी


ललितपुर । देश आर्थिक मन्दितिर धकेलिरहेको र चलेका सहकारीहरु भागिरहेको अवस्थामा ऋणीले ऋण तिर्न जाँदा ऋण लिएको हिवासकिताव नदेखाई जग्गा नै खाने दाउ गरी आलटाल गरी समय विताउने काम गर्दै चक्रिय प्रणालीमा ब्याज असुल्ने कार्य ललितपुरको जावलाखेलमा रहेको महिमा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले गर्दै आएको खुलासा भएको छ ।

यसरी चक्रिय प्रणालीमा ब्याज असुल्ने उद्देश्यले हिसावकिताव समेत ऋणीलाई नदेखाउने महिमा बहुउद्देशीय सहकारी संस्था लिमिटेडको गैरकानुनी गतिविधिबाट वाक्कदिक्क भएका ऋणीहरु न्यायको लागि अदालतको ढोका ढक्ढक्याउने भएका छन् । अझ महिमाका संचालकहरुले ऋणीहरुले धितोवापत जग्गा राखेको अवस्थामा पनि चेकसमेत लिई सो चेकलाई दुरुपयोग गरी कालोसूचिमा समेत ऋणीहरुलाई राख्ने काम गरेको ऋणी जयराम केसीले खोजतलासलाई बताएका छन् ।

महिमा सहकारीको यस्तो कार्यले ऋणीहरुलाई मर्नु न बाँच्नुको अवस्थामा पुर्‍याएपछि पीडितहरुले बागमती प्रदेश सरकार पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमा उजुरीसमेत हालेका थिए । पीडितहरुको उजुरीको आधारमा महिलामा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई सफाई पेश गर्न १५ दिने सूचना जारीसमेत गरेको छ ।

बागमती प्रदेश सरकार पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयद्वारा जारी पत्रमा भनिएको छ 'बागमती प्रदेश सरकारी ऐन, २०७६ को दफा ४६को उपदफा५ मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन पाइने छैन भन्ने व्यवस्था भएको विदितै होला । त्यस संस्थाबाट ऋण लिएका केही ऋणी सदस्यहरुले प्रचलित सहकारी कानून विपरित ब्याज र हर्जना हिसाव गरी ऋण भुक्तानीका लागि संस्थाबाट ताकेता भएको भन्ने उजुरी प्राप्त हुन आएको साथै त्यस




संस्थाको ऋण नीति २०७९को परिच्छेद–६ दफा १६ को १.२ मा भएको विलम्ब शुल्क (हर्जना व्याज) सम्बन्धित व्यवस्थामा तोकिएको समयभित्र ब्याज भुक्तानी नगरेमा बाँकी रहेको ब्याजमा २४ प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने भन्ने उल्लेख भएको पाइएको र उक्त व्यवस्था प्रदेश सरकारी ऐन, २०७६ को दफा ४६ को उपदफा ५ को विपरित भएको देखिँदा त्यस संस्थालाई सोही ऐनको दफा १०० को उपदफा ४ (ग) बमोजिमको कसुरमा किन कारबाही नगर्ने ? कारबाही गर्नु नपर्ने कुनै कारण भए १५ (पन्ध्र) दिन भित्र सफाई पेश गर्नु हुन बागमती प्रदेश सरकारी ऐन, २०७६ को दफा १०० को उपदफा ६ बमोजिम अनुरोध छ ।' भनी बागमती प्रदेश सरकार पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका शाखा अधिकृत रोहति पोखरेलद्वारा हस्ताक्षरित पत्रमा उल्लेख गरिएको छ ।

बागमती प्रदेश सरकारअन्तर्गत पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय कानुन तथा फैसला कार्यान्वयन शाखाअन्तर्गत सहकारी विभागमा बसी गरेको सम्झौतापत्रलाई समेत धोती लगाउँदै दादागिरी शैलीमा ऋणीहरुलाई सडकमा ल्याउने काम महिमा सहकारीले गरेको छ ।

बागमती प्रदेश सहकारी विभाग रजिस्टारको कार्यालयमा रजिष्टार राधाकृष्ण खतिवडाको संयोजकत्वमा असार १२ गते ऋणी जयराम केसी, नविन राउत, राम राउत र रामभक्त महर्जन र सहकारीको तर्फबाट अध्यक्ष पुरुषोतम थापा मगर, सल्लाहकार रामशरण घिमिरे, व्यवस्थापक चन्द्रलाल श्रेष्ठबीच प्रचलित सहकारी ऐन, नियमावली निर्देशिका र मापदण्ड बमोजिम सावाँ, ब्याज र हर्जना तिर्ने लिखित रुपमा सहमति भएको थियो ।

यसरी सहकारी विभागमै गरेको सम्झौतालाई धोती लगाउँदै ऋणीहरुलाई सातदिन भित्र हिसाव दिने र ऋणीले पनि सोही अनुसार ऋण तिर्ने सहमतिलाई समेत हिसावकिताव नै नदिई पत्रिकामा तस्बिरसहित सूचना निकाल्नुले सहकारीले सिधै धितोवापतको जग्गा खाने दाउ गरेको प्रष्ट भएको ऋणीहरुले गुनासो पोखेका छन् ।

देशमा आर्थिक मन्दि छाइरहेको र मिटरब्याजी पीडितहरुको आन्दोलन पनि चर्किरहेको अवस्थामा चक्रिय प्रणाली ( मिटर ब्याज) ऋणीहरुलाई मार पारी अनावश्यक दुःख र मानसिकत तनाव दिई सामाजिक प्रतिष्ठामा समेत आँच आउने काम गरी महिमा सहकारीले देशको नियम कानुनलाई समेत अटेर गरी आफै सर्वेसर्वा भई कुनै पनि

बाँकी सातौं पृष्ठमा

# फाष्ट ट्र्याकको लागत दोब्बर बढाउने चलखेल

## सेनाको बहाना पहिले कोरोना अब बिष्फोटक पद्धार्थ

काठमाडौं । नेपाली सेनाले निर्माणको जिम्मेवारी लिएको काठमाडौं तराई द्रुत मार्ग फाष्ट ट्र्याक बिष्फोटक पद्धार्थ भारतबाट नपाएको बहानामा ढिलो गर्न थालिएको छ । सेनाले अहिलेसम्म टुंगो लागेकामध्ये सबै प्याकेजमा चिनियाँ कम्पनीलाई निर्माणको ठेक्का सम्झौता गरेपनि विभिन्न बहानामा निरन्तर ढिलाई भइरहेकोमा बिष्फोटक पद्धार्थको विषयलाई बहाना बनाइएको छ । जब कि ठेक्का पाउने कम्पनीले नै बिष्फोटक पद्धार्थको व्यवस्था गर्ने सम्झौतामा उल्लेख छ । अर्कोतर्फ, चीनबाट बिष्फोटक पद्धार्थ आयात भइरहेको छ ।

पछिल्लो समय काम ढिलो गरेको आलोचनाबाट पन्छन भारतले बिष्फोटक पद्धार्थ नदिएको विषयलाई देखाउन थालिएको छ । यसअघि चिनियाँ ठेकेदार कम्पनीले चीनकै मेशिन, जनशक्ति, निर्माण सामाग्री




प्रयोग गर्नुपर्ने भन्दै एक वर्ष ढिलो गरी कामलाई गति दिएका थिए । चीनका कम्पनीहरु आफूले पाएका ठेक्कामा मेशिनरी सामाग्री र जनशक्ति आफ्नै प्रयोग गर्दै आएका छन् । काम जतिसुकै ढिलो भएपनि प्राविधिक सामाग्रीदेखि निर्माण सामाग्रीसम्म चीनबाट ल्याउने नीति अनुसार चिनियाँ कम्पनीहरुले काम ढिलो गर्दा फाष्ट ट्र्याक अबको दश वर्षभित्र पनि पूरा हुने सम्भावना कम देखिएको छ ।

पछिल्लो समय भारतले बिष्फोटक पद्धार्थ दुरुपयोगको विषय उठाउँदा आयातमा समस्या आइरहेको छ । तर, यही बहानामा फाष्ट ट्र्याक ढिलो गरी लागत बढाउने चलखेल चलेको छ । जबकि काम ढिलो हुनुमा चिनियाँ कम्पनीको आफ्नै मात्र सामाग्री प्रयोगको नीति पनि हो । यसमा सेनाको आयोजनाको जिम्मेवार अधिकारी समेत सहयोगी बनेका छन् ।

बिष्फोटक पद्धार्थ भारतबाट

बाँकी सातौं पृष्ठमा

## सुन तस्करी सञ्जालमा महरा बाबुछोरा !



काठमाडौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका कर्मचारीको मिलेमतोमा सुन हराएको सन्दर्भमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा र उनका छोरा राहुल महरा जोडिएका छन् ।

ई-सिगरेट (विद्युतीय चुरोट) भित्र लुकाएर तस्करी गर्न लागिएको सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्रैबाट चोरी भएको घटनामा भन्सार कर्मचारीका साथै महराका बाबुछोरा जोडिएका हुन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले अनुसन्धान गरी सरकारी वकिलको

बाँकी सातौं पृष्ठमा

# जीबी राई समूहले सहकारी नेटवर्क खडा गरी १६ अर्ब संकलन

## अवैध नेटवर्किङ व्यवसायमा लगानी

काठमाडौं । गितेन्द्रबाबु (जीबी) राई र उनको समूहले सहकारीका बचतकर्ताको १६ अर्बभन्दा बढी रकम दुरुपयोग गर्दै नेटवर्किङ व्यवसाय चलाइरहेको पाइएको छ ।

राई कुनै समय सबभन्दा ठूलो नेटवर्किङ व्यवसाय हर्बो इन्टरनेसनलका एक साझेदार थिए । सो कम्पनीमा रहँदै गर्दा उनले २०६६ सालमा गोर्खा ग्रुप अफ कम्पनी खोलेको थिए । सरकारले नेटवर्किङ व्यवसायमा २०६८ मा प्रतिबन्ध लगायो । त्यसपछि नेपालमा हर्बो बन्द गरी त्यही नेटवर्कलाई प्रयोग गरेर देशभर करिब एक दर्जन सहकारी सञ्चालनमा ल्याए । तिनै सहकारीमा सर्वसाधारणले जम्मा गरेको रकम दुरुपयोग गरी नेचर हर्ब्स, नेचर नेस्टलगायतको नाममा नेपालसहित ७ देशमा नेटवर्किङ व्यवसाय चलाइरहेका छन् ।

गोर्खा ग्रुप अफ कम्पनीका अध्यक्ष कुमार रम्तेलले आफ्नो समूहले सातवटा सहकारी सञ्चालन गरिरहेको स्वीकार गरे । रम्तेल भन्छन्, 'हाम्रो टिमको सुरुवात पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाबाट भएको हो ।'

ती संस्थामध्ये ३ अर्ब रुपैयाँ निक्षेप रहेको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था, काठमाडौंको अध्यक्ष जीबी राई आफैं हुन् भने कुमार रम्तेल कोषाध्यक्ष छन् । उपत्यका बाहिर पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी, नेपालगञ्जको समानता बचत तथा ऋण सहकारी, चितवनको सहारा चितवन बचत तथा ऋण सहकारी र वीरगञ्जको सानो पाइला बचत तथा

बाँकी सातौं पृष्ठमा

## प्रहरीमा लेखापालको नीति संसोधनसहित सरूवाका लागि चलखेल

काठमाडौं । प्रहरीभित्र कसरी नीतिगत चलखेल हुन्छन् भन्ने पछिल्लो एक वर्षको घटनाले उजागर गर्छ । गत वर्ष केही प्रहरीको स्वार्थमा लेखापालहरूको सरुवा सम्बन्धि नीति संशोधन गरी ६ वर्षबाट आठ वर्ष बनाइएको थियो । त्यतिबेला गृहमन्त्रीनिकट समूहले खुलेआम पैसा उठाएरै यसरी नीति संशोधन गरेको थियो । ६ वर्ष पुगेर हट्न लागेका लेखापालहरुलाई लक्षित गरी त्यसरी नीतिगत चलखेल गरिएको थियो ।

अहिले पनि प्रहरीमा त्यही रोग देखिएको छ । अन्य केही प्रहरीलाई फाइदा हुने गरी नीति संशोधन गरिएको छ । यसपटक ६ वर्षमा झारिएको छ । लेखाको तालिम गरेर बसेका प्रहरी अधिकृतहरुको चलखेलमा यसरी ६

बाँकी सातौं पृष्ठमा

## देउवालाई हटाउन गगनको खेल, कति सांसद अपुग ?



काठमाडौं । नेपाली काँग्रेसभित्र शेरबहादुर देउवालाई चुनौती दिने आँट १४औं महाधिवेशनमा गरेको भए गगन थापाले बाजी मार्ने अवस्था बन्न सक्थ्यो । अहिले देशमा परिवर्तनको उत्कट चाहनाका लागि विकास भएका घटनाले त्यही देखाएको छ । त्यतिबेला थापाले आँट गरेनन् र डा. शेखर कोइरालालाई सभापतिका लागि साथ दिएर आफू महामन्त्रीमा खुम्चिए । उनी १३औं महाधिवेशनमा महामन्त्रीमा पराजित भएका थिए । फेरि महामन्त्रीको उम्मेदवार बनेर भारी मत ल्याए । देउवाप्रति असन्तुष्ट र मध्यमार्गीहरुले थापालाई विकल्पका रुपमा लिन सक्थे । तर, उनले त्यतिबेला आँट गरेनन् ।

अब भने थापा देउवालाई चुनौती दिन खुलेरै लागेका छन् । देउवालाई संसदीय दलको नेताबाट हटाउन नेपाली काँग्रेसभित्र एउटा गुट सक्रिय बनाएका छन् । त्यो गुटले केही सांसद अपुग भएको हिसाबकिताब निकालेको छ । थापाले आफ्नो साथमा ३० सांसद कटिसकेको र अब केही सांसदको व्यवस्थापन गर्न सके देउवाविरुद्ध संसदीय दलमा अविश्वासको प्रस्ताव नै ल्याउने रणनीति चालेका छन् । २०७९ सालको मंसिर ४ मा चुनाव भएपछि पौषमा भएको संसदीय दलको प्रतिष्पर्धामा देउवाले ६४ मत ल्याउँदा थापाले २५ मत ल्याएका थिए । त्यतिबेला डा. शेखर कोइराला समुहकै केही सांसदले गुट परिवर्तन गरी

बाँकी सातौं पृष्ठमा

# नेपाल शक्तिराष्ट्रको रणनीतिक प्रतिष्पर्धाको चेपुवामा, ठूलो दुर्घटनाको खतरा

काठमाडौं । देश यतिबेला शक्तिराष्ट्रको चलखेलको अखडा बन्दै गएको छ । छद्‍म र खुलेआम शैलीमा विदेशीको चलखेल बढ्दै ठूलो राजनीतिक दुर्घटनाको खतरा बढेको छ । विशेषगरी अमेरिका, चीन, भारत र यूरोपेली युनियनको रणनीतिक स्वार्थ देखिएको छ । उनीहरु विभिन्न माध्यमले आफ्नो प्रभाव नेपालमा देखाउन खोजिरहेका छन् । यसका लागि वर्षेनी अरबौं रकम खर्चिइरहेका छन् ।

अमेरिकाले एमसीसी साउन महिनाबाटै लागू गर्दैछ । यसपूर्व दक्षिण एशिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लू नेपाल आएर फर्किइसकेका छन् । लूले विगतमा दलहरुलाई धम्की नै दिएर एमसीसी पारित गर्न लगाएका थिए । यता चीनले नेपालमा बेल्ट एण्ड रोड इनिटिएटिभ बीआरआई कार्यान्वयनको दबाब दिइरहेको छ । यो ऋण हो जुन नेपाललाई लिन वाध्य पारिदैछ । तर, नेपालले लिन मानिरहेको छैन । चीन भने बीआरआई कार्यान्वयन भइसकेको बताउन थालेको छ । उसले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बीआरआई अन्तर्गतको परियोजना भनेको छ । जुन चिनियाँ एक्जिम बैंकको ऋणमा बनेको छ । तर, विमानस्थलमा अन्तर्राष्ट्रिय उडान अझै उडेको छैन । भारतले पनि नेपालमा ठूलो रकम खर्चिइरहेको छ । रेल्वे निर्माणमा उसले दशौं अर्ब अनुदान खर्चिएको छ । यसबाहेक विद्यालयलगायत विभिन्न भवनहरु धमाधम बनाइरहेको छ । भारतीय आयोजनाहरु सञ्चालनमा उसको रणनीतिक स्वार्थ देखिन्छ ।

यूरोपेली युनीयन र अमेरिकाले नेपालमा आइएनजिओ र एनजिओमार्फत् विभिन्न क्षेत्रमा रकम खर्चिएका छन् । हुँदा हुँदा अल्पसंख्यक भन्दै समलिङ्गी विवाहलाई कानूनी मान्यता दिलाउन समेत उनीहरुले भूमिका निभाइरहेका छन् । अमेरिकाले त अदालतले अन्तरिम आदेश जारी गरी समलिङ्गी विवाहको कानून बनाउन भन्दा समेत विज्ञप्ति निकाल्यो । ती देशहरुले इशाई धर्मको लागि भित्री रुपमा रकम खर्च गरिरहेका छन् । विभिन्न तरिकाले रकम खर्च गरिरहेका छन् ती देशहरु ।

देशमा शक्ति राष्ट्रहरुको चौतर्फी चलखेल बढिरहँदा जिम्मेवार अधिकारीहरुको दौडधूप चलिरहेको छ ।

बाँकी सातौं पृष्ठमा

मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्

www.khojtalashonline.com

कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक

# बागमती प्रदेशमा कांग्रेसभित्र असन्तुष्टि चुलिँदै, देउवा असन्तुष्ट

काठमाडौं । नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलभित्र असन्तुष्टि चुलिँदै गएपछि पार्टी सभापति शेरबहादुर देउवा संसदीय दलका नेता बहादुर सिंह लामाको असक्षमताका कारण असन्तुष्ट बनेका छन् ।

बजेटको विषयलाई लिएर पार्टी सभापति देउवालाई बागमती प्रदेशका अधिकांश सांसदहरुले भेटी लामाले गरेको गतिविधिप्रति गुनासो पोख्दा देउवा लामाप्रति निकै आक्रोसित बनेका छन् । त्यसैकारण पनि देउवा निकट मानिने बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँलाई दलको नेता बनाउन देउवा तयारी अवस्थामा देखिन्छन् ।







पछिल्लो समय संसदीय प्रक्रियामा कमजोरी भएको भन्दै संसदीय दलभित्र सांसदहरुले बैठकमै हानाहानको अवस्था सिर्जना भएको थियो । बागमती प्रदेशमा कांग्रेस, माओवादी र समाजवादीको गठबन्धन सरकार छ । बागमती प्रदेशमै सबैभन्दा ठूलो दलको हैसियत बहादुर सिंह लामाले खासै राम्रो भूमिका निभाउन नसकेको आरोप छ । बजेट विनियोजनमा लामाको माओवादीको अगाडि केही सिप चलेन ।

बजेट विनियोजनकै विषयलाई लिएर बसेको नेपाली कांग्रेसको संसदीय दलको कार्यालय हेटौंडामा बसेको बैठकमा सांसदहरुले चर्को आलोचना गर्नुका साथै हातै हालाहालको अवस्था सिर्जना भएको थियो ।

सरकार गठन, मन्त्रिपरिषदलाई पूर्णता, मन्त्रालयको बाँडफाँट, मन्त्रीहरुको कार्य विभाजन, संसद बैठकमा उपस्थिति तथा प्रस्तुति र संसदीय समितिको गठन, सभापतिको विषयहरुमा दलको नेताको फितलो प्रस्तुतिले अधिकांश सांसदहरु रुष्ट बनेका छन् ।

एक महिना अगाडि विना विभागीय मन्त्री भएका ललितपुर जिल्लाका माननीय तथा दलका उपनेतासमेत रहेका रामकृष्ण चित्रकार अहिलेसम्म मन्त्रालयविहिन छन् । त्यसमा पनि दलका नेता लामाको फितलोपना देखिएको छ ।

बढ्दो असन्तुष्टिका बीच दलको नेता परिवर्तनको तयारीको विषयमा पनि छलफल भएको संसदीय दलको निर्वाचनमा बहादुरलाई नै सहयोग गरेका एक सांसदले बताए । सरकार गठन, मन्त्रालय भागबण्डा, मन्क्री नियुक्ति, बजेट निर्माण तथा विनियोजनमा समन्वय नगरेको भन्दै दलको नेताप्रति कांग्रेस सांसदहरुको सार्वजनिक रुपमै असन्तुष्टि पोखेका थिए

कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा बहादुर सिं लामा छन् । उनी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीको जिम्मेवारीमा समेत छन् । लामाले संसदीय दलको नेताको निर्वाचनमा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँलाई ५ मतले पराजित गरेका थिए । लामाले २१ मत पाउँदा बानियाँले १६ मत पाएका थिए । बानियाँ प्रदेशसभाको पहिलो कार्यकालमा संसदीय दलको नेता समेत थिए ।

आरजु राणाको प्रत्यक्ष हस्तक्षेप हुनुका साथै स्वास्थ्य मन्त्री मोहनबहादुर बस्नेत, असफल नेत्रीको रुपमा आफूलाई परिचित बनाइसकेकी डिना उपाध्याय, प्रकाशशरण महत निर्वाचन स्थल हेटौंडामा स्वयम् उपस्थित भई शक्तिको दुरुपयोग गर्दै बागमती प्रदेश सभापतिसमेत रहेका इन्द्रबहादुर बानियाँ तीन मतले मात्र पराजित गराउन सफल बनेका थिए ।

संसदीय दलका नेता बहादुर सिंको पछिल्लो गतिविधि देखेर बहादुरलाई जिताउन महत्वपूर्ण भूमिका निर्वाह गरेकाका आरजु, बस्नेत, उपाध्याय र महत अहिले आएर गलत मान्छेलाई सिफारिस गरिएछ भन्दै असन्तुष्ट बनेका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा निकट मानिने बानियाँलाई दलको नेता बनाउन देउवा तयार देखिन्थे । किन कि गएको नेपाली कांग्रेसको चाधौं महाधिवशेनमा देउवालाई सभापति बनाउन बानियाँले ठूलो भूमिका निर्वाह गरेका थिए ।

बागमती प्रदेश संसदीय दलको निर्वाचनमा राणा, महत, बस्नेत र उपाध्याय निर्वाचतस्थल हेटौंडामा स्वयम् उपस्थित भई प्रत्येक सांसदलाई शक्तिको दुरुपयोग गर्दै प्रभावमा पारेर बहादुर सिंह लामालाई जिताउन लागिपरेका थिए ।

उनै बानियाँको नेतृत्वमा बागमती प्रदेशलाई कांग्रेसमय बनाएका थिए । बानियाँलाई दलको नेताबाट पराजित बनाउन लागिपरेका राणा, महत, बस्नेत र उपाध्यायले अहिले आएर गलत मान्छेलाई जिताएको भन्दै पछुतो मानिरहेका छन् ।

बानियाँकै मेहनत र परिश्रमका कारण अहिले बागमती प्रदेशमा कांग्रेस सबैभन्दा ठुलो दल छ । ठुलो दलको हैसियतले संसदीय फ्रक्रियामा सशत्त उपस्थिति हुनुपर्नेमा त्यसो हुन नसकेको कांग्रेसका कतिपय सांसदको भनाइ छ । संसदीय दलमा राजनीतिक, प्रशासनिक र व्यवस्थापकीय विषयबारे छलफल नै नहुने गरेको सांसदहरुको गुनासो छ । दलको नेताले अन्य दलहरुसँग गरेको सम्झौता विपरीत कुनै पनि सदस्यलाई आफ्ना भनाइ राख्न समेत रोक लगाउने गरेको सांसदहरु बताउँछन् । अहिले आएर उनै बहादुरलाई भोट हाली जिताउने सांसदहरु नै बानियाँ जस्तो साहसीक नेतालाई दलको नेता नबनाउँदा अहिले बागमती प्रदेशमा कांग्रेस छायाँमा परेको बताउँछन् ।

दलको नेता अनुभवी र क्षमता सुन्य भएको हुँदा सरकार गठन, मन्त्रिपरिषद विस्तार र मन्त्रालय भागबण्डामा कांग्रेस कमजोर देखिएको प्रदेश सरकारका एक मन्त्रीले बताए । उनले दलको नेताले आफ्नो धारणासहित गठबन्धन दलसँग अडान लिन नसक्दा बिना विभागीय मन्त्रीले जिम्मेवारी पाउन नसकेको र बजेट निर्माणको प्रक्रियामा समेत भाग लिन नपाएको ती मन्त्रीले बताए ।

'दलको नेता दमदार हुन सकेन । त्यसको असर सरकारमा देखिएको छ । दलको नेताले दमदार तरिकाले आफ्नो अडान कायम राखेर अघि बढेको भए सरकारको नेतृत्वमा कांग्रेसले लिने बलियो सम्भावना थियो,' उनले भने, 'संसदीय दलको नेताको प्रस्तुति कमजोर बन्दा सबैभन्दा ठुलो दल कांग्रेसले कमजोर मन्त्रालयको नेतृत्व पाएको छ ।' कांग्रेसका एक मन्त्री अझै विभाग विहीन अवस्थामा बस्नु परेको उनको भनाइ छ । उनले भने, ' दलको नेता चयन गर्ने समयमा गलत निर्णय लिइएछ ।' सक्षम व्यक्तिलाई दलको नेता बनाउन नसक्दा आज बागमती प्रदेशमा सबैभन्दा ठूलो दल भए पनि हैसियत भने कम्जोर बनेको छ । बागमती प्रदेश सांसद दिपेन्द्र श्रेष्ठले त दलको बैठकमा लामालाई दलाल नै शब्द प्रयोग गरेका थिए ।

कांग्रेसका सांसद छिरिङ दोर्जे लामाले दलको नेता असक्षम भएका कारण संसदीय प्रक्रियामा कांग्रेसको भूमिका कमजोर देखिन गएको बताए । दलको नेताले समन्वय गर्न नसकेका कारण बजेटमा पनि त्रुटि देखिएको उनको भनाइ छ ।

'संसदीय प्रक्रियामा कांग्रेस कमजोर बनेको होइन । तर, संसदीय दलभित्र समस्या छन्,' छिरिङले भने, 'संसदीय दलको नेताले सरसल्लाह र समन्वय गर्नुपर्ने हुन्छ, तर त्यो चाहिँ पटक्कै देखिएन ।' संसदीय दलको बैठकमा पनि विभिन्न विषयमा असन्तुष्टि आएको छिरिङले बताए । अब यसको विकल्प भनेको अविश्वासको प्रस्ताव नै हो ।

# गर्मीमा स्वस्थ रहन के खाने, कति खाने ?

आमाको पेटमा हुँदा नै बच्चाले खानेकुरा खान सुरु गर्छ । र, जन्मिएपछि बिस्तारै खानाको मात्रा बढ्दै जान्छ। तर, हामीले खाने खाना कत्तिको सन्तुलित छ, हामीले कहिल्यै विचार गर्ने गरेका छौं ?

एकातिर खाना नपाएर वर्षौनि मानिसहरु मुत्युको मुखमा पुगिरहेका छन् । कोही कुपोषण भएर अस्वस्थ जीवन जिउन बाध्य छन् । अर्कोतिर थुप्रै मानिस धेरै खाना खाएर मोटोपनको सिकार भइरहेका छन् ।



त्यसबाट बच्नका लागि स्वस्थ आहार खानु पर्छ । जुन खानपानले हामीलाई स्वस्थ राख्न मद्दत गर्छ। सन्तुलित आहारले शरीरलाई स्वस्थ र स्फूर्त राख्न सहयोग गर्ने छ ।

'सन्तुलित भोजन भनेको हामीले खाने कुरामा सबै पोषक तत्वहरु मिसाएर सही मात्रामा खानु हो । त्यस्ता तत्वहरु कम पनि हुनु हुँदैन र बढी पनि हुनु हुँदैन ।

सन्तुलित भोजनमा कार्बोहाइड्रेटको मात्र ५० देखि ६० प्रतिशत हुनुपर्छ, प्रोटिन १५ देखि २० प्रतिशत, फ्याट २५ देखि ३० प्रतिशत हुनुपर्ने छ ।

**गर्मीमा के खाने ?**

गर्मी होस् वा जाडो, सबैभन्दा पहिला सन्तुलित भोजन खानु पर्ने हुन्छ । 'गर्मीमा पनि आफ्नो शरीरलाई चाहिनेजति सबै सन्तुलित खाने कुराहरु खानु पर्छ तर यसमा विशेष के छ भने गर्मीमा हाम्रो शरीरको तापक्रमभन्दा बाहिरको बढी हुन भएकाले शरीरले शक्ति बढी खर्च गरिरहेको हुन्छ ।

गर्मीयाममा पसिना र पिसाबको माध्यमबाट पानी बढी जाने भएकाले डिहाइड्रेसन नहोस् भनेर विशेष सावधानी अपनाउनु पर्छ । त्यसका लागि पानीजन्य पर्दाथ बढी खानुपर्ने हुन्छ ।

पसिना बग्दा सोडियम, पोटासियमहरु र म्याग्नेसियम पनि कम हुने भएकाले डिहाइड्रेसन हुने सम्भावना रहने हुन्छ ।

अन्य बेलाको भन्दा गर्मी मौसममा ३० देखि ३५ एमएल बढी प्रतिकिलो शरीरको तौल अनुसार झोलिलो पर्दाथ खानुपर्ने हुन्छ ।

'गर्मी मौसममा पानी वा सर्बत पिउँदा कागती हालेपछि शीतल हुन्छ भनिन्छ तर त्यस्तो भने हुँदैन । चिनी, कागती र पुदिना भनेको स्वादका लागि मात्र हो । गर्मीमा पानी धेरै खानुपर्छ भन्दैमा कोक, फ्यान्टा, फ्रुटीजस्ता चिनी बढी हालेका पेयपदार्थ खानु हुँदैन ।

गर्मीमा चिसो हुन्छ भन्दै कोक र फ्यान्टा जस्ता कोल्डड्रिंक्स खाँदा उल्टो असर गर्ने भएकाले त्यसको साटो सादा पानीमा कागती, पुदिना हालेर खान ठिक हुन्छ ।

त्यस्तै, गर्मीमा पानीको मात्र कम नहोस् भन्नका लागि फलफूल पनि खान सकिन्छ । धेरै फलफूलमा ८० देखि ९० प्रतिशत पानीको मात्रा हुने भएकाले सबै फलफूल खान मिल्ने हुन्छ । 'धेरैले गर्मीमा आँप, लिची खानु हुँदैन गर्मी बनाउँछ भन्छन् तर त्यो गलत हो । आँप गर्मीमै फल्छ, जुन सिजनमा जे फल्छ, त्यो फल खाँदा निकै पोषकतत्व पाइन्छ । त्यसैले सिजनल खाने कुरा बढी खाँदा स्वस्थकर हुन्छ ।

फलफूल र सागसब्जीमा फाइबरको मात्रा बढी हुने भएकाले खाने कुरा पचाउनमा मद्दत गर्ने र पेट सफा राख्ने भएकाले यी खानेकुरा धेरै खाँदा राम्रो हुन्छ ।

त्यस्तै, गर्मीमा घाम चर्को हुने भएकाले यूभीलाइटले छालालाई बढी असर गर्ने भएकाले भिटामिन सी र डी युक्त खाना खानुपर्ने हुन्छ । त्यसका लागि कागती, सुन्तला र पहेँलो खानेकुराहरु बढी खानु पर्छ ।

'शरीरका अंगहरुले राम्रोसँग काम गर्नका लागि पोटासियम, म्याग्नेसियम चाहिन्छ तर गर्मीमा पसिनाको माध्यमबाट बढी जाने भएकाले मानिसको मृत्यु समेत हुन सक्छ । तराईका केही जिल्लामा लू लागेर मानिसको मृत्यु भयो भन्ने पनि सुनिन्छ त्यो पोटासियम र म्याग्नेसियमको कमी भएर त्यस्तो अवस्था आउने गर्छ । पोटासियम र म्याग्नेसियम नट्स, केरा, एभोकाडो, ब्रोकाउलीहरुमा पाइन्छ ।

त्यस्तै गर्मीमा घाउचोट लाग्यो भने निको नहुने धेरै पाक्ने समस्या हुने भएकाले जिंक खान धेरै आवश्यक हुन्छ ।

अहिले धेरैले भन्ने गरेका छन् भात खानु हुँदैन कार्बोहाइड्रेट्स हुन्छ, मोटो भइन्छ भनेर । तर त्यस्तो होइन । हाम्रो शरीरलाई कार्बोहाइड्रेट पनि चान्छि तर कति कुन व्यक्तिले कति मात्रामा खाने भनेर चाहिँ थाहा पाउँनु पर्छ ।

कुनै पनि व्यक्तिले दिनमा कति मात्रामा सन्तुलित भोजन खाने भन्ने कुरा उसले दिनमा कति काम गर्छ, उसको उमेर, उचाइ र तौलमा भर पर्ने हुन्छ ।

कामको धेरै भार नपर्ने वा कुर्सीमा बसेर काम गर्ने लगभग ५६ किलोको महिलालाई एक दिनमा १६ सय जति क्यालोरी चाहिन्छ । ठिक्कको दुःख गरेर काम गर्नेलाई २१ देखि २७ सय जति क्यालोरी चाहिन्छ । धेरै भारी बोकेर काम गर्नेलाई ३५ सय क्यालोरी चाहिन्छ । त्यस्तै, ६५ किलोको पुरुषलाई २१ सय जति क्यालोरी चाहिन्छ । गर्मी मौसममा बढी चिल्लो, पिरो, नुनिलो र तारेको खाने कुराहरु खान हुँदैन ।

गर्मीयाममा खाने कुराहरु धेरै छिटो बिग्रिने भएकाले सञ्चय गरेर राखिएका खाने कुराहरु खान पनि हुँदैन ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरू:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs
- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course
- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

SHANKARAPUR ACADEMY Estd. 2064

शंकरापुर एकेडेमी प्रा. लि.
सातदोबाटो, ललितपुर
फोन नं: ०१–५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : भरत महर्जन, निर्देशक : अमिता लक्ष्मी श्रेष्ठ (सैंजु), प्रधान सम्पादक राजु बस्नेत, सम्पादक : शशी कोइराला, कार्यकारी सम्पादक : रूपक शाक्य
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# कांग्रेस विभाजन गर्ने ओलीको षडयन्त्र सफल होला ?

काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संसदीय दलका नेता परिवर्तन गर्न चलखेल गरिरहेको अवस्थामा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली भने कांग्रेसलाई नै विभाजन गरेर आफू सत्तामा जाने तानावाना बुनिरहेका छन् ।

ओलीको विश्वास पात्र विद्यादेवी भण्डारी राष्ट्रपति भएकै कारण दुई-दुई पटक संसद भंग गरेर उन्मत्त बनेका प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली यतिबेला कांग्रेसलाई जसरी पनि विभाजन गरेर आफू सत्तामा जान अनेक षड्यन्त्रहरु बुनिरहेको बुझिएको छ ।

ओली जतिसक्दो चाँडो वर्तमान गठबन्धन सरकारलाई असफल बनाएर आगामी मंसिरसम्म मध्यावधि निर्वाचन गराएर पुनः सत्तामा फर्कने दाउ हेरिरहेका छन् । त्यसका लागि ७० वर्षे उमेर हदसमेत उनले सच्याएका छन् ।

आफु बाचुन्जेल प्रधानमन्त्री बन्ने र अरुलाई पार्टी अध्यक्ष पनि बन्न नदिने तानाशाही सोच ओलीले बनाएका छन् । जसका कारण एमालेभित्र नेतृत्व तहमै व्यापक असन्तुष्टि छाएको छ । त्यसैगरी कार्यकर्ता तहमा पनि व्यापक असन्तुष्टि छाएको कुरा बागमती प्रदेशका ५० प्रतिशत सदस्यले सदस्यता नविकरण नगरेबाट स्पष्ट हुन्छ ।

पाँचदलीय गठबन्धन कायम भएसम्म सत्तामा फर्किन नसकिने निष्कर्षमा पुगेका ओलीले कांग्रेससँगको गठबन्धन भत्काउन माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाएका थिए । प्रचण्ड राष्ट्रपतिको निर्वाचनमा एमाले छाडेर कांग्रेससँगकै गठबन्धनमा फर्किएपछि ओलीको बुनेको तानावाता चकनाचुर बनेको थियो ।

बालकोट स्रोतका अनुसार ओली कांग्रेस, माओवादी र एकीकृत समावजवादी बिनै एमालेको समर्थनमा सरकार बनाउने योजनामा लागे । जनता समाजवादी पार्टीका उपेन्द्र यादवलाई ६ महिना प्रधानमन्त्री बनाएर मंसिरमा मध्यावधिमा जाने सोच बनाए । उपेन्द्र यादव समाजवादी मोर्चामा बाँधिएपछि त्यो षडयन्त्र पनि विफल भयो ।

त्यसपछि बजेट पास हुन नदिने अर्को षड्यन्त्रमा उनी लागे । बजेट फेल गराउन पनि सकेनन् । यहाँ पनि ओली षड्यन्त्र फेल भए । अब ओलीसँग एउटै विकल्प बाँकी छ, कांग्रेस विभाजन गराउने । त्यसका लागि ओलीले गगन थापाहरूलाई प्रयोग गरिरहेका छन् । कांग्रेसका सशक्त नेता भनिने थापा बेमौसमी बाजा बजाउँदै संसदीय दलको नेता बन्ने सपना देखिरहेका छन् । जुन पूरा हुने देखिँदैन ।

थापा र शेखर कोइरालाबीच एजेण्डा मिलेपनि संसदीय दलको नेताबाट अहिले नै शेरबहादुर देउवालाई हटाउने पक्षमा कोइराला छैनन् । बरु देउवापछि आफु पार्टी सभापति हुने बाटोमा कोइराला लागेको बुझिन्छ । तसर्थ, पछिल्ला घटनाक्रमले प्रचण्ड बलियो देखिएका छन् ।

भ्रष्टाचार विरोधी कारबाहीले माओवादीको गुमेको शाख फर्किएको छ । बालकृष्ण खाणको गिरफ्तारीले देउवा प्रचण्डसँग असन्तुष्ट भएपनि खाणकै कारण सरकारलाई दिएको समर्थन फिर्ता लिने पक्षमा देउवा छैनन् । त्यसो गर्दा कांग्रेस बदनाम हुने र आगामी निर्वाचनमा जनताले दण्डित गर्ने कुरा देउवाले राम्रोसँग बुझेका छन् ।

देउवा र प्रचण्डबीच पाँच वर्ष सहकार्य गर्ने र यही गठबन्धनलाई निरन्तरता दिने सहमति भएको छ । यो सहमति इमान्दारी साथ पालना हुने हो भने एमाले पाँचै वर्ष प्रतिपक्षमा बस्नुको विकल्प छैन ।

तर पनि, मध्यावधि निर्वाचनलाई ध्यानमा राखेर 'मिसन ग्रासरुट' अभियान संचालन गरेको एमालेको संगठित सदस्यको संख्या ह्वात्तै घटेको छ । संगठित सदस्यता नविकरण गर्ने म्याद पटक-पटक थप्दासमेत ५० प्रतिशतको हाराहारीमा मात्रै नविकरण हुने अवस्था देखिएको एमाले स्रोतले जनाएको छ ।

एमाले स्रोतका अनुसार एमालेका धेरै सदस्यले रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता लिएका छन् । गत शनिबारको सचिवालय बैठकमा एउटा विषय सदस्यता नविकरणको पनि थियो । जुन बैठकमा प्रदेश इञ्जार्चहरूले निराशाजक आँकडा प्रस्तुत गरेका छन् ।

बैठकमा कोशीमा ५० प्रतिशत, मधेशमा ३० प्रतिशत, वागमतीमा ५० प्रतिशत, गण्डकी र लुम्बिनीमा ६० प्रतिशत, कर्णाली र सुदूरपश्चिममा ३५ प्रतिशतको हाराहारीमा नविकरण भएको प्रदेश ईञ्चार्जहरूले बिफ्रिङ गरेका छन् ।

प्रदेश इन्चार्जहरू रघुवीर महासेठ, विष्णु रिमाल, गोकर्ण विष्ट, पद्मा अर्याल, लेखराज भट्ट र छविलाल विश्वकर्माले आ-आफ्नो प्रदेशको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई बैठकमा अनुपस्थित भएको कारण महासेठले नै बिफ्रिङ गरेका थिए । एमालेले १०औं महाधिवेशनमा ८ लाख पार्टी सदस्य रहेको बताएको थियो । 'प्रदेश ईञ्चार्जहरूको ब्रिफिङ निराशाजनक आयो । अहिलेसम्म ३ लाख सदस्यले पनि सदस्यता नविकरण गरेका छैनन्' एमालेका एक पदाधिकारीले भने, 'मिसन ग्रासरुटले हावा खायो ।'

पछिल्लो पटक गत असार समान्तसम्म सदस्यता नविकरण गर्ने म्याद थपिएको थियो । तर, असार ३० गते बसेको सचिवालय बैठकले साउन १५ गतेसम्म सदस्यता नविकरण गर्न म्याद थपेको छ । जतिनै समय थपेपनि नेतृत्वको यही कार्यशैली रहेसम्म नविकरण गर्नको संख्या धेरै नबढ्ने नेताहरू नै स्वीकार्छन् ।

सदस्यता नविकरण नगरेकाहरू केही नेकपा एकीकृत समाजवादी र बढी राष्ट्रिय स्वतन्त्र पार्टीमा क्रियाशील भएको ती पदाधिकारीले बताए । कतिपय सदस्यले भने नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाएर सदस्यता नविकरण नगरी बसेको एमाले स्रोतले दाबी गरेको छ ।

प्रतिनिधिसभाको समानुपातिकतर्फ पहिलो दल बनेपछि मध्यावधि निर्वाचनको लक्ष्यसहित एमालेले मिसन ग्रासरुट अभियान चलाएको थियो । उक्त अभियानपछि एमाले अध्यक्ष ओली हौसिएका थिए । तर, सदस्यता नविकरणको स्थितिले ओली रणनीति असफल भएको देखिएको छ । सदस्यता नविकरण किन भएन भन्ने विषयमा एमालेले गहन समीक्षा गरेको छैन ।

यसअघि एमालेमा नियमित सदस्यता नविकरण गर्ने र लेवी बुझाउने हुन्थ्यो । पछिल्लो समय एमालेमा विचारको राजनीति शुन्य हुँदा त्यसको प्रभाव सदस्यता नविकरणमा परेको एक पदाधिकारीले बताए । 'पार्टीमा प्रशिक्षण छैन । वैचारिक बहस छैन । व्यक्तिवाद हाबी छ । डनवाद र धनवादले डेरा जमाएको छ । त्यसैको एउटा उदाहरण सदस्यता नविकरण हो ।' ती पदाधिकारीले भने ।

गत मंसिरको निर्वाचनमा एमालेले समानुपातिकतर्फ २८ लाख ४५ हजार ६४१ मत प्राप्त गरेको थियो । यद्यपि, अघिल्लो निर्वाचनको भन्दा १० लाखभन्दा कम मत एमालेले यो निर्वाचनमा ल्याएको थियो । यस्तै, नेपाली कांग्रेसले २७ लाख १५ हजार २२५ र नेकपा माओवादी केन्द्रले ११ लाख ७५ हजार ६८४ मत ल्याएको थियो ।

उक्त मतपछि हौसिएका ओलीले मध्यावधिको सपना देखेका थिए । तत्कालीन पाँचदलीय गठबन्धन भत्काएर माओवादी अध्यक्ष प्रचण्डलाई ओलीले प्रधानमन्त्री बनाउँदै गर्दा नयाँ संसदको पहिलो बैठकमै ओलीले फेरि पनि संसद भंग हुने र देश मध्यावधिमा जाने बताएका थिए । ओलीको बोलीले प्रचण्ड झस्किए । सत्तारुढ गठबन्धन भत्किए आफुले चाहेअनुसार हुने ओलीले सोचेका थिए । तर, ओलीको चालबाजी बुझेर प्रचण्ड पुरानै गठबन्धनमा फर्किएपछि ओलीको मुखमा पहिलो गाँसमै ढुंगा परेको थियो ।

एमालेले संगठन सुदृढीकरण र विस्तार गर्न भन्दै गत फागुन ५ गतेदेखि वैशाख ९ गतेसम्म दुई महिने 'मिसन ग्रासरुट' अभियान सञ्चालन गरेको थियो । निष्क्रिय कार्यकर्तालाई जगाउन भन्दै देशव्यापी रुपमा नेता परिचालिन भएका थिए ।

त्यही बेला भएको उपनिर्वाचनमा एमालेले लज्जाजनक हार ब्यहोऱ्यो । ३ वटा स्थानमा भएको उपनिर्वाचनमा एमालेको मत ह्वात्तै घटेपछि ओली अहिले २०८४ भन्न थालेका छन् । दुई तिहाईको संसद र पार्टी भंग गर्ने, विनाकारण संसद बैठक अवरुद्ध गर्ने जस्ता कारण एमालेप्रति जनताको वितृष्णा बढ्दो क्रममा रहेको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

२०७४ सालको चुनावमा एमाले र माओवादी केन्द्रले संघीय संसदमा करिब दुई तिहाई र सात प्रदेशमध्ये ६ प्रदेशमा बहुमत प्राप्त गरेको थियो । यसपटक भने केन्द्र र प्रदेश सरकारमा एमाले प्रतिपक्षमा रहेको छ । माओवादी र एकीकृत समाजवादी सत्तामा छन् ।

२०७४ को निर्वाचनमा पहिलो शक्ति बनेको एमाले ०७९को निर्वाचनमा दोस्रो दल बनेको थियो । उपनिर्वाचनमा ३ वटै क्षेत्रमा पराजय ब्यहोरेको एमालेको जनमत पहिलेको भन्दा आधा घटेको छ । 'नेतृत्वमा सुधार नआएसम्म कार्यकर्तामा उत्साह र जनतामा आशा नजाग्ने देखियो । बालकोटको फर्मानलाई कार्यकर्ताले अस्वीकार गरेको यो प्रमाण हो ।' एमाले स्रोतले भन्यो ।

नेता तथा कार्यकर्ताको असन्तुष्टि बढेपछि गत बुधबार र बिहीबार ओलीले पदाधिकारीहरूसँग छलफल गरेका थिए । उक्त छलफलमा एमाले किन सत्तारुढ गठबन्धनको विकल्प भएन भन्ने प्रश्न गरेका थिए । पदाधिकारीहरूले ओलीलाई ठोस सुझाव नदिएको स्रोतले बताएको छ ।

# अन्तरजातीय विवाह गरेका सुरेशमाथि माइती पक्षबाट कुटपिट

## उजुरी लिएर जाँदा प्रहरीलेसमेत दुर्व्यवहार गरेको आरोप




काठमाडौं । अन्तरजातीय विवाह गरेका कैलालीका एक दम्पतीले माईती पक्षबाट निरन्तर दवाब आएको बताएका छन् । कैलालीका सुरेश विश्वकर्मा र सरस्वती खड्काबीच छ महिनाअघि भागी विवाह भएको थियो । विद्यालय पढ्दादेखि नै आफूहरुले एक-अर्कालाई मन पराउने गरेको र घरपरिवारको सल्लाहमा विवाह सम्भव नभएपछि भागी विवाह गरेको उनीहरुले सुनाए ।

मंगलबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै सरस्वती र सुरेशले भागी विवाहपछि आफूहरुमाथि निरन्तर माइती पक्षबाट शारीरिक र मानसिक यातना दिने काम भएको बताएका हुन् । बाबुले सुरेशलाई पशुपतिको जंगलमा लगेर कुटपिट गरेको सरस्वतीले बताईन् ।

स्नातक तहमा अध्ययन गरिरहेकी सरस्वतीले परीक्षा दिन जाँदा भागी विवाहपछि पहिलो पल्ट आरआर कलेजको गेटमा आफ्नो बाबुलाई भेटाएको स्मरण गरिन् । त्यसपछि बाबुले सञ्चो विसञ्चो सोधेको र गलत निर्णय लियौ भनेर सम्झाएको उनको भनाई छ । त्यसपछि बाबुले कोठामा लिएर गएको र सरसल्लाहको लागि सुरेशलाई पनि बोलाउन भनेको उनले बताईन् ।

त्यसपछि उनले सुरेशलाई पनि सरसल्लाहको लागि बोलाईन् । भक्तपुर बस्ने सुरेश पनि आएपछि बाबुले कुराकानीकै क्रममा हिंड्दै गर्दा पशुपतिको जंगलतिर लगेको उनले बताईन् । पशुपतिमाथिको जंगलमा लगेर सुरेशलाई भाई र बाबु भएर कुटपिट गरेको सरस्वतीको आरोप छ । उनीहरुले केटा दलित भएकै कारण कुटपिट गरेको सरस्वतीले बताईन् ।

'कुराकानीकै क्रममा बुवाले मिठो मिठो कुरा गर्दै हिड्दै हिँड्दै पशुपतिको माथिको जंगलतीर लानुभयो । जब जंगलको बीचमा पुगेपछि मेरो भाई र बुवा भएर मेरो श्रीमान्लाई हातपात गर्नुभयो । सबै कुरा मिलाउँछु र तिमीहरुले जे गरेपनि ठिकै छ, जे नहुनु थियो, गरिहाल्यौ भन्दै सम्झाएको मान्छेले एक्कासी जंगलको बीचमा लगेर कुटपिट गर्न थालेपछि म चिच्चाएँ,'- उनले भनिन् ।

कुटपिटको घटनापछि आफूहरु असार २६ गते गौशला प्रहरी चौकीमा उजुरी लिएर गएको उनले बताईन् । उनले गौशाला प्रहरीमा गएर राजीखुशीले अन्तरजातीय विवाह भएको र विवाह गरेकै कारण श्रीमानमाथि बाबु र भाईबाट कुटपिट भएको सुनाएको बताईन् । उनले आफ्नो पीडा सुनाएपछि प्रहरीले उल्टो 'खड्काकी छोरी भएर कामीको छोरासँग जाने अनि ठूला कुरा गर्ने ?' भन्दै थर्काएको बताईन् ।

भागी विवाहपछि माईती पक्षले कालोपुलको मच्छेगाउँ प्रहरीमा हराएको उजुरी दिएकाले गौशला प्रहरीले अपमानजनक व्यवहारपछि त्यहाँ पठाएको उनले बताईन् । मच्छेगाउँ प्रहरीले सहयोग गर्नुको साटो झन् टर्चर दिएर बिनाकारण एक रात थुनामा राखेको उनले बताईन् । साथै, सुरेशको परिवारमा पनि माईती पक्षले निरन्तर टर्चर दिएको उनीहरुको अरोप छ ।

माईती पक्षले बारम्बार धम्की दिने र कोठामा गएरै तालाचावी फोड्नेसम्मको हर्कतपछि अहिले गाउँकै भाई पर्नेको कोठामा शरण लिएर बसेको सरस्वतीले बताईन् । सरस्वतीले आफू र आफ्नो श्रीमानलाई सुरक्षित बाँच्न पाउने वातावरण मिलाई दिन सरोकारवालासमक्ष आग्रह गरेकी छन् ।

गौशला प्रहरी, माली गाउँ र जगाती प्रहरी कार्यालयले आफूहरुलाई उजुरी लिएर जाँदापनि उल्टै हिनताबोध हुने कुरा गरेर पठाएको उनको आरोप छ । कानुनमा अन्तरजातीय विवाहमा विभेद नभएपनि आफूहरुले प्रहरी प्रशासनबाट समेत विभेद सहन परेको उनीहरुको गुनासो छ ।

'समस्या पर्दा प्रहरीहरुले सहयोग गर्छन्, प्रहरीकोमा जानुपर्छ भन्ने हाम्रो मनमा धारणा हुन्छ । तिमीलाई अलिकति पनि लाज लाग्दैन ? तिमी मेरो प्रेमी हो, मैले विवाह गरेर आएँ भन्दैछौं तर तिम्रो एकछिनको रोमान्स मात्रै हो । जिन्दगी चल्दैन भनेर मलाई भन्नुभयो,'- उनले भने ।

दलितका लागि दलित अभियानका प्रकाश विकले अन्तरजातीय विवाह पनि सामन्य प्रक्रिया हो भन्ने सन्देश दिन आवश्यक रहेको बताए । जातीय आधारमा हुने विभेदलाई सञ्चार माध्यमहरुले पनि प्राथमिकता दिनुपर्ने उनको भनाई छ । जातीय विभेद उन्मुलनका लागि सुरेश र सरस्वती सकारात्मक पात्र भएको उनको दाबी छ ।

दलितका लागि दलित अभियानका राजु सुनुवारले समाजले कोल्टे फेरिसक्दा पनि जातीय समस्या जस्ताको तस्तै रहेको बताए । दुर्गम वस्तीमा मात्रै भएर काठमाडौंमा समेत जातीय विभेदको हैरानी खेप्नुपरेको उनको भनाई छ । जातीय नरसंहार निम्त्याउने प्रयास कसैले पनि गर्न नहुने बताए । जातीय विभेदमा राज्य संयन्त्र काहीँ पनि नदेखिएको उनको आरोप छ ।

# नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान गर्ने एसएसपी कार्की र केसी पुरस्कृत



दानबहादुर कार्की, एसएसपी



डा. मनोज केसी, एसएसपी

काठमाडौं । नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान गर्ने एसएसपीद्वय दानबहादुर कार्की र डा. मनोजकुमार केसी पुरस्कृत भएका छन् ।

प्रहरी महानिरीक्षक वसन्त कुँवरले उत्कृष्ट काम गरेको भन्दै काठमाडौं प्रहरी परिसर प्रमुख एसएसपी कार्की र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख एसएसपी केसीलाई नगदसहित पुरष्कृत गर्ने निर्णय गरेका हुन् ।

विभागीय नीति तथा आदेश निर्देशनलाई आत्मसाथ गरि निर्दिष्ट जिम्मेवारी अनुशासित ढंगले लगनशील, इमान्दार, व्यवसायिक एवं कर्तव्यनिष्ठ तवरले कुशलतापूर्वक प्रशासनिक रूपमा कार्य सम्पादन गरेको भन्दै आइजीपी कुँवरले पुरष्कृत गर्ने निर्णय गरेको प्रहरी प्रधान कार्यालय प्रशासन शाखाले जनाएको छ । यो निर्णयले प्रहरी कर्मचारीमा सकारात्मक प्रभाव पर्ने प्रहरी प्रधान कार्यालयको विश्वास छ ।

आइजीपीबाट पुरष्कृत हुनेमा एआइजी मिरा चौधरी, डिआइजी बुद्विराज गुरूङ, सिआइबीकम एसएसपी दिनेश आचार्य देखि एसपी, डिएसपी, इन्सपेक्टर, प्रहरी हवल्दार र कार्यालय सहयोगीसम्म २४ जना छन् ।

# कृषि विकास बैंकका भिजाकार्ड मोबाइलमा लिंक गरी भुक्तानी लिन सकिने




काठमाडौं । कृषि विकास बैंक र फोकस वान पेमेण्ट सोलुसन्सबीच सम्झौता भएको छ । सम्झौता अनुसार भिजाकार्ड मोवाईलमा लिंक गरि भुक्तानी लिन सकिने कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले बताए । फोकस वान पेमेण्ट सोलुसन्सका प्रमुख कार्यकारी अधिकृत प्रणय राजभण्डारीले फोकसवान पेमेण्ट सोलुसन्सको मोको डिजिटल युटिलिटी पेमेन्ट,रिचार्ज कार्ड,क्यूआर कोड मार्फत पसलमा भुक्तानी तथा ब्यवसायिक भुक्तानी सेवालाई सहज बनाउने धारणा राखे ।

यो सेवा लागु भए पश्चात कृषि विकास बैंकका डेबिट तथा क्रेडिट कार्ड बाहक ग्राहकले आफनो कार्ड फोकसवान पेमेण्ट सोलुसन्सको मोको डिजिटल एपलाई मोबाइलमा इन्स्टल गरि यूजर बन्न सकिने र आफनो कार्डको आवश्यक विवरण प्रविष्ट गरी सकेपछि सम्वन्धित कार्ड बाहक ग्राहकले भौतिक कार्ड विना नै सो एप मार्फत युटिलिटी पेमेन्ट,रिचार्ज कार्ड,क्यूआर कोड मार्फत सार्वजनिक सेवा वापतको भुक्तानी र ब्यवसायिक ग्राहकबाट खरीद गरेको बस्तु तथा सेवा वापत भुक्तानी आफ्नो मोवाइलबाट सहजै गर्न सकिने छ । ग्राहकले आफनो खातामा भएको मौज्दात रकमबाट मोको डिजिटल वालेट मार्फत सम्वन्धित पक्षको खातामा भुक्तानी र जम्मा हुने भएकोले यो सेवा ग्राहक मैत्री रहेको बैकले जनाएको छ । यो सेवा संचालन पश्चात बैकको भुक्तानी सेवाको दायरा फराकिलो हुनुका साथै ग्राहकको चाहना अनुसारको सेवा विस्तार भएको बैकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले बताएका छन् । कार्यक्रममा प्रमुख संचालन अधिकृत प्रताप सुवेदी र गिरिराजमणी पोखरेलको उपस्थिति रहेको थियो ।

# रेलमार्गहरू तराईबाट पहाडी क्षेत्रतर्फ विस्तार हुँदै

काठमाडौं । नेपाल र भारतबीचका रेलसेवा निरन्तर विस्तार हुँदै गएको छ । रेलमार्गहरु निरन्तर विस्तारका क्रममा छन् भने नयाँ निर्माण प्रक्रियाले तिव्रता पाएको छ । भारतको रक्सौल शहरबाट काठमाडौं जोड्ने १३६ किलोमिटर रेलमार्गको लोकेशन सर्भे अन्तिम चरणमा पुगेको छ । नेपालको भौतकि पूर्वाधार मन्त्रालयमा सर्भे प्रतिवेदनको मस्यौदाबारे विस्तृत अध्ययन भइरहेको छ । मन्त्रालयका सहसचिव अर्जुनजङ्ग थापाले अध्ययनका लागि समिति गठन भई काम भइरहेको जानकारी दिए ।

भारतको जयनगरबाट नेपालको जनकपुरबाट कुर्था हुँदै बिजलापुरासम्म रेलसेवा विस्तार भइसकेको छ । कुर्था बिजलापुरा खण्ड भारतीय रुपैयाँ ७ अर्ब ८३ करोडमा निर्माण भएको हो । यसका लागि भारत सरकारले अनुदान सहयोग गरेको छ । जयनगरबाट बिजलापुरासम्मको रेलमार्गको दूरी ५२ किलोमिटर छ । अब रेलमार्ग नेपालको महोत्तरी जिल्लाको बर्दिवाससम्म विस्तार हुँदैछ । यसका लागि नेपाल सरकारले जग्गा अधिकरण गरिरहेको छ । जग्गा अधिकरणपछि निर्माण कार्य हुने नेपालको रेल विभागले जनाएको छ । बर्दिवाससम्म विस्तार हुने रेलमार्ग पनि भारतीय अनुदान सहयोगमा बन्ने नेपाल र भारतबीच भएको सम्झौतामा उल्लेख छ । बर्दिवास मधेश प्रदेशबाट नेपालको पहाडी भागतर्फ जाने महत्वपूर्ण बिन्दु हो । यसकारण पनि यसको रणनीतिक महत्व छ ।

पूर्वी नेपालको विराटनगरमा भारतको जयनगरबाट रेलसेवा सञ्चालनमा आइसकेको छ । जून १ बाट भारतको बथनाहबाट विराटनगरसम्म १८.६ किलोमिटर रेलमार्ग निर्माण भएपछि सञ्चालनमा आएको हो । रेलमार्ग भारतको ३ अर्ब ८० लाख अनुदान सहयोगमा निर्माण भएको हो । रेलमार्गको १३.५ किलोमिटर नेपाली भागमा पर्छ । यसरी, नेपालको भारतसँग रेल कनेक्टिभिटी बढ्दै गएको छ जुन तराई हुँदै पहाडतर्फ विस्तारको क्रममा छ ।

# उच्च अदालतको मुद्दा फर्छ्यौट दर उच्च

काठमाडौं । सर्वोच्च अदालत तथा मातहतका अदालतले एक वर्षमा ५०.३६ प्रतिशत मुद्दा फर्छ्यौट गरेका छन् । सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमध्ये मुद्दा फर्छ्यौटमा उच्च अदालतको दर अब्बल रहँदा सबैभन्दा कमजोर सर्वोच्च अदालतको पाइएको छ ।

प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले राष्ट्रपति समक्ष बुझाएको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८/०७९ मा तीन लाख २५ हजार ७०२ वटा मुद्दामध्ये एक लाख ६१ हजार ६६६ वटा फर्छ्यौट भएका हुन् ।

प्रतिवेदन अनुसार अघिल्लो आर्थिक वर्षबाट सरेर आएका एक लाख ४३ हजार ७९४ वटा र आर्थिक वर्ष २०७८/०७९ मा दर्ता भएका एक लाख ८१ हजार ९०८ गरी जम्मा ३ लाख २५ हजार ७०२ वटा मुद्दाको दायित्व समीक्षा अवधिमा थियो ।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०११/०३/२१

स्वर्गारोहण
वि.सं. २०८०/०३/२७

## स्व. सीता दाहाल

**प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) की धर्मपत्नी सीता दाहालको**
२०८० साल असार २७ गते बुधबार भएको असामयिक निधनले मर्माहत भएको छु ।
यस दु:खद घडीमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त
परिवारजनप्रति धैर्यधारणा गर्न सक्ने शक्ति मिलोस भनी
हार्दिक समवेदना व्यक्त गर्दछु ।

**भरत महर्जन**
**अध्यक्ष**
**खोजतलास मिडिया परिवार**

## सम्पादकीय

# नीति निर्माता नै भ्रष्टको खेतीमा

जो अगुवा उही भडुवा भनेजस्तै मुलुकमा नीति निर्माता गर्नेहरु नै भ्रष्ट देखिन थालेपछि अब कसको कसले भरोसा गर्ने ? गएको चैत महिनामा १ खर्ब ९ अर्ब रुपैयां विप्रेषण आय भयो । गत श्रावणयता सबैभन्दा ज्यादा विप्रेषण आय मुलुकमा भएको खबर हर्ष हो कि विस्मात भन्न गाह्रो भइसकेको छ । शिथिल अर्थतन्त्रका लागि यो खबर पक्कै पनि हर्ष नै त हो । तर, मुलुकको समग्र अर्थतन्त्रको भर सधैं सधैं रेमिट्यान्स नै हुनु चाहिं पक्कै पनि खुसीको विषय होइन ।

अहिले सरकारले रेमिट्यान्सको वृद्धि गर्न युवाहरुलाई आकर्षण देखाएर वैदेशिक रोजगारमा पठाउने क्रम झन वृद्धि गरेको छ । यो गर्वको विषय भने होइन । अर्थतन्त्रलाई उद्योग, व्यवसाय र कृषिको भर दिनुपर्छ । यसका लागि नीतिनिर्माताले त्यतापट्टि कदम चाल्न जरुरी छ । तर, नीति निर्माता नै भ्रष्टको खेतीमा लागेको स्पष्ट देखिन थालेको छ । रेमिट्यान्सको भर देशको अर्थतन्त्रलाई टेको हुन सक्छ तर, खम्बा हुन सक्दैन ।

> **युवा जनशक्ति विदेश पलायन हुनुको कारण नै सामाजिक संरचना खल्बलिएको छ, नेपाली राजनीति अत्यन्तै विकृत भएको पनि छ । यस्तो विकृतिले नै मुलुकमा अतिभार पर्न अझ थप हुनसक्छ ।**

खम्बा भनेको त कृषिभन्दा अर्को कहिल्यै हुन सक्दैन । रेमिट्यान्सले देशको अर्थतन्त्र उंभो लाग्दैन । वैधानिक बाटोको प्रयोगले चैत्रमा रेमिट्यान्स आय वृद्धि देखिनुको कारण के भने बैंक ब्याज र साधारण सेयरको आकर्षण हुनुपर्छ । किनभने रेमिट्यान्स खातामा ब्याज अलिक बढाइएको छ । विदेशको रोजगारीले नेपालीलाई केही कमाइ पक्कै दिएको छ ।

पारिवारिक आर्थिक अवस्था सुधार पनि भएको छ । रेमिट्यान्सले गरिबी निवारणमा योगदान गरेको छ । तर, रेमिट्यान्स आय पारिवारिक खर्चमा अर्थात् उपभोगमा मात्रै खर्च हुने देखिन्छ । अध्ययनहरूले त्यसै भन्छन् । उपभोगमा मात्रै रेमिट्यान्स खर्च हुनुको मतलब महंगी वृद्धि हुनु पनि अर्को कारण हो । चैत्रमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.७६ प्रतिशत पुगेको केन्द्रीय बैंकको तथ्यांकले नै देखाएको छ । जब कि फागुन मसान्तसम्म यस्तो दर ७.४४ प्रतिशत थियो । वैदेशिक रोजगारीमा गएकाहरूले साधारण सेयरमा आवेदन भर्न पनि रेमिट्यान्स खाता हुन अनिवार्य छ ।

रेमिट्यान्सले अर्थतन्त्रलाई कसरी पनि टेको दिएको छ भने केन्द्रीय बैंकका अनुसार रेमिट्यान्समा सुधार आउँदा शोधनान्तर अवस्थामा सुधार आएको छ । महंगी रेमिट्यान्सको 'साइड इफेक्ट'का रूपमा देखा परेको छ । रेमिट्यान्सलाई अर्थतन्त्रलाई खास चलायमान बनाउदैन भन्ने विज्ञहरू पनि छन् । नेपाली अर्थतन्त्रको टेको चाहिं पक्कै हो । भनिन्छ के पनि भने रेमिट्यान्सले मुलुकको राजनीतिलाई विकृत बनाउँछ ।

हो, पनि युवा जनशक्ति विदेश पलायन हुनुको कारण नै सामाजिक संरचना खल्बलिएको छ, नेपाली राजनीति अत्यन्तै विकृत भएको पनि छ । यस्तो विकृतिले नै मुलुकमा अतिभार पर्न अझ थप हुनसक्छ । राजनीति रेमिट्यान्सका भरमा अर्थतन्त्र धानेर आफ्नै धुनमा छ, सत्ताको फोहोरी खेलमा मस्त छ । रेमिट्यान्सलाई उत्पादनमा लगाउन उसको ध्यान छैन । रेमिट्यान्सको भरमा मात्रै अर्थतन्त्र टिकाउने सुर गर्नु घातक कर्म हो । अर्थतन्त्रलाई उद्योग, व्यवसाय र कृषिको भर दिनुपर्छ ।

नीतिनिर्माताले त्यतापट्टि कदम चाल्न जरुरी थियो तर, त्यतातिर नभई भ्रष्टतिरमन गएपछि के गर्ने अहिले त्यसैको फल भोग्न तयार हुनु परेको छ । यसतर्फ अबका पिढीले समयमै सोचौं । सबैमा चेत खुलोस् ।

# सरकारी लाभको पदमा बसेका व्यक्तिहरुले बुझाएको सम्पत्ति विवरण किन हुँदैन सार्वजनिक ?

**रामचन्द्र मिश्र**

कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति वा सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी तथा कर्मचारीले सम्पत्ति विवरण बुझाउनुपर्ने कानूनी प्रावधान छ ।

त्यस्तै सार्वजनिक संस्थामा काम गर्ने कुनै पनि व्यक्तिले सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान रहेको छ । तर सम्पत्तिको विवरण भने गोप्य हुनेछ । बुझाइएको सम्पत्ति विवरण खोलेर हेर्ने अधिकार भने कसैलाई नभएको राष्ट्रिय सतर्कता केन्द्रले जनाएको छ ।

संविधानको धार २५ को उपधार १ मा उल्लेख गरिएको छ, 'प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।'

तर उक्त धारको उपधारा २ मा लेखिएको छ, 'सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।' नेपालको संविधानमा रहेको यही मौलिक हकको आधारमा सम्पत्ति विवरण पनि गोप्य राख्नु परेको हो ।

राष्ट्रिय सतर्कता केन्द्रका प्रवक्ता ज्ञानराज सुवेदीले सम्पत्तिको हक मौलिक हक भएकाले सार्वजनिक गर्न नमिल्ने बताए । उनले भने, 'सम्पत्तिको हकलाई मौलिक हकको रुपमा राखिएको छ । कानुनले तोकेको अवस्थामा चाहिँ, जस्तो अकुत सम्पत्ति राखेको आधारमा, इन्भेटिगेसन गर्ने आधारमा अख्तियार, राष्ट्रिय सतर्कता केन्द्रले सम्पत्ति विवरण खोल्न सक्ने कुरा दिएको छ । यी अवस्थामा बाहेक अन्य अवस्थामा सम्पत्ति विवरण पारदर्शी गर्नैपर्छ भन्ने छैन । पारदर्शी गर्ने कुरा स्वच्छिक कुरा हो । कुनै पनि व्यक्ति वा मिडियाले खोजेकै आधारमा चाहिँ सम्पत्ति विवरण देखाउन पर्दैन । सम्पत्ति विवरण नबुझाएको हो भने बुझाउन चाहिँ आवश्यक छ । यो विषयमा चाहिँ पारदर्शीता चाहिन्छ । बुझाएको र नबुझाएको कुरा पारदर्शी हुनुपर्‍यो । बुझाएको अवस्थामा कति छ उसको सम्पत्ति भन्ने कुरा उसले सार्वजनिक गर्न चाहेको अवस्थामा चाहिँ सार्वजनिक हुन्छ । नत्र सार्वजनिक हुँदैन ।'

सुवेदीले सबै सार्वजनिक व्यक्तिहरुले विवरण चाहिँ अनिवार्य पेश गर्नुपर्ने बताए । आरोप नै लागे पनि उसले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ भन्ने कुनै प्रावधान नरहेको सुवेदीको भनाई छ । उनले थप भने, 'व्यक्तिको सम्पत्ति सार्वजनिक गर्न बाध्य हुने कुनै कानून छैन । आरोपित व्यक्तिको सम्पत्ति विवरण बाहिर सतहमा ल्याउनुपर्छ भन्ने कानुनी व्यवस्था पनि छैन । तर यदि इन्भेटिगेसन गर्ने निकायले आफैंले गोप्य रुपमा अनुसन्धान गर्नु पर्यो भने गर्न पाउने छ । यदि उसको सम्पत्ति अकूत हो भन्ने लागेमा मुद्दा दायर गर्ने व्यवस्था चाहिँ छ । अहिले इन्भेटिगेसन गर्ने अधिकार राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई रहेको छ । यी निकायले सम्पत्ति विवरण खोलेर हेर्न सक्छन । तर उसको सम्पत्ति विवरण अकूत हो भन्ने प्रमाणित नभई बाहिर ल्याइदिन भने मिल्दैन । यो इन्भेटिगेसन गर्ने निकायले पनि बाहिर ल्याउन मिल्दैन । र अदालतले चाहेको खण्डमा सम्पत्ति विवरण मगाएर खोलेर हेर्न सक्छ ।' अरु कसैलाई सम्पत्ति विवरण खोलेर हेर्ने अधिकार नभएको सुवेदीको भनाई छ ।

### सम्पत्ति विवरण गलत बुझाए के हुन्छ कारबाही ?

सम्पत्ति विवरण गलत वा सही के बुझाएको हो भन्ने जानकारी त्यतिकै थाहा भने हुँदैन । यदी कुनै मुद्दा दायर भयो भने वा अकूत सम्पत्ति कमाएको हो भन्ने कुनै आधार फेला पारेमा मात्रै अख्तियार दूरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रले छानबिन गर्न पाउने प्रावधान रहेको छ ।

**सम्पत्ति विवरण नबुझाउनेलाई के हुन्छ कारबाही ?**

सम्पत्ति विवरण समयमा नबुझाउनेलाई पाँच हजार जरिवाना हुने व्यवस्था रहेको छ ।

**सम्पत्ति विवरण बुझाए/नबुझाएको कसरी हुन्छ अनुगमन ?**

राष्ट्रिय सतर्कता केन्द्रले सम्पत्ति विवरण बुझाए वा नबुझाएको विषयमा अनुगमन गर्छ । यही संस्थाले डाटाहरुको अध्यावधिक गर्ने भएकाले सम्पत्ति बुझाएको वा नबुझाएको भन्ने डाटाका आधारमा थाहा पाउँछ ।

अख्तियार दूरुपयोग अनुसन्धान आयोगको ऐन, २०४८ को दफा ३१ 'क' मा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था रहेको छ । ऐनको ३१ 'क' १ मा लेखिएको छ, 'सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारमा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अधावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारी वा निकाय समक्ष पेश गर्नु पर्ने छ ।'

त्यस्तै उक्त ऐनको ३१ 'क' को उपदफा २ मा भनिएको छ, 'उपदफा १ बमोजिम साठी दिनभित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आयोगले पाँच हजार रुपैयाँ जरिवाना गर्नेछ र अर्को तीस दिनभित्र सम्पत्ति विवरण पेश गर्न लगाउने छ । सो म्यादभित्र पनि सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्ति उपर निजले आफ्नो वा आफ्नो परिवारको नाममा अबैध सम्पत्ति राखेको अनुमान गरी उपदफा १ बमोजिमको निकाय वा अधिकारीले छानबिन गर्न सक्नेछ ।'

त्यस्तै उक्त ऐनको उपदफा ३ मा लेखिएको छ, 'यस दफा बमोजिक पेस हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ । तर यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ ।'

अखियार अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालले अनलाइन पानासँग भने, 'अख्तियार दूरुपयोग अनुसन्धान आयोगको ऐनभन्दा माथि संविधान भएकाले संविधानको सम्पत्तिको हक अन्तर्गत सबैको सम्पत्ति गोप्य रहेको हो । अकूत नै सम्पत्ति भएको अवस्था र अख्तियारले मुद्दा दायर गरेको अवस्थामा 'यति अकूत सम्पत्ति रहेछ' भनेर आरोप पत्रमा कति अकूत हो र कति बैधानिक हो भनेर खोट्याएर अख्तियारले मुद्दा दायर चाहिँ गर्ने प्रावधान रहेको छ ।' तर त्योभन्दा अगाडिको अवस्थामा, इन्भेस्टिगेसन भइरहेको अवस्थामा, वा कसैलाई आरोप लागेको अवस्थामा अख्तियार र राष्ट्रिय सतर्कता केन्द्र बाहेक अन्यले सम्पत्ति विवरण हेर्न भने नमिल्ने अधिकारीहरु बताउँछन् ।

उजुरी भने सबैले गर्न पाउने व्यवस्था रहेको प्रवक्ता दाहालले जानकारी दिए । तर आशंकाको उजुरीमा भने सुनुवाई नहुने सम्भावना रहेको छ। कुनै 'क्लु'सहति उजुरी आएमा अख्तियार र राष्ट्रिय सतर्कता केन्द्रले छानबिन गर्ने अखितयारका प्रवक्ता दाहाल र राष्ट्रिय सतर्कता केन्द्रका प्रवक्ता ज्ञानराज सुवेदीले जनाकारी दिए ।

राष्ट्रिय सतर्कता केन्द्रलाई सम्पत्ति विवराण छानबिन गर्ने अधिकार भए पनि अहिलेसम्म कुनै छानबिन गरेको पाइएको छैन । अहिलेसम्म राष्ट्रिय सतर्कता केन्द्रले सम्पत्ति बुझाएका र नबुझाएकाहरुको विवरण मात्रै केलाएको छ । अख्तियारले मात्रै अहिलेसम्म अकूत सम्पत्तिको विवरणबारे छानबिन र मुद्दा दर्ता गर्ने गरेको छ । कानुनमा चाहिँ राष्ट्रिय सतर्कता केन्द्रलाई पनि सम्पत्ति छानबिन गर्ने अधिकार रहेको छ । अहिलेसम्म कर्मचारी, राजनीतिक सदस्यहरुलाई अकूत सम्पत्ति आर्जन गरेको भनेर उजुरीहरु लाग्ने गरेको छ ।

**सम्पत्ति विवरण कसरी हुन्छ छानबिन ?**

कुनै पनि सम्पत्तिको विवरण छानविन गर्नुपर्यो भने अख्तियारले १३ पाने विवरण भराउँछ । त्यसअन्तर्गत आरोपित व्यक्तिले आफू र आफ्नो परिवारमा रहेको सम्पूर्ण सम्पत्तिको विवरण भर्छ । त्यो भरेको विवरणको आधारमा कहाँ कहाँको सम्पत्ति विवरण रोक्का गर्नुपर्ने हो त्यो काम अख्तियारबाट पत्र काटी रोक्का गराइन्छ । त्यसपछि उक्त व्यक्तिले राष्ट्रिय सतर्कता केन्द्र तथा अन्य मातहतका कार्यलयहरुमा बुझाएको सम्पत्ति विवरणको खाम खोल्न पाइने व्यवस्था छ । यदी सम्पत्ति सुरुमा र वर्षेपिच्छे भरेको विवरण र १३ पानामा भरेको विवरण फरक भएमा अख्तियारले बयान लिएर भ्रष्टाचारको मुद्दा दायरको प्रक्रिया अगाडि बढाउँछ । यदि विवरण दुवैतिरको बराबरी भएमा कुनै कारबाही हुँदैन । र, विवरण पनि गोप्य रहन्छ ।

# आर्थिक विकास र खुल्ला सिमाना

**राजीव झा**

अहिले भारत विश्वकै एउटा ठूलो अर्थतन्त्र र विभिन्न हिसाबले विश्वको उदाउँदो शक्ति बनेको छ । घनिष्ठ मित्र र छिमेकीका नाताले नेपाल-भारतबीच सहकार्य एवं साझेदारी अपरिहार्य छ । नेपाल र भारतको द्विपक्षीय सम्बन्धलाई अबका दिनमा सामाजिक, सांस्कृतिक, धार्मिकसँगै आर्थिक साझेदारीका रूपमा अगाडि बढाउनुपर्छ ।

हामीबीचको भौगोलिक खुल्ला सिमाना र वर्षौदेखिको ऐतिहासिक सम्बन्धका कारणले पनि भारत नेपालको अत्यन्तै नजिकको मित्र हो । नेपाल र भारतबीचको जुन किसिमको आर्थिक सम्बन्ध छ, त्यो व्यापार (ट्रेड) मा मात्रै सीमित छ । उद्योग स्तरमा पनि सम्बन्ध हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन । हाम्रो देशमा जबसम्म विदेशी लगानी अत्यधिक मात्रामा आउँदैन, तबसम्म हाम्रो देशको विकासले गति लिन सक्दैन । आजको एक्काईसौं शताब्दीमा सम्बन्ध भनेको बेटीरोटीको साथै व्यवसायिक सम्बन्ध पनि हो । व्यवसायिक सम्बन्धका कारण मात्रै एक अर्का देशबीच सम्बन्ध झन् प्रगाढ बन्न सक्छ ।

व्यवसायिक सम्बन्धले नै जनता-जनताको बीचमा अनि सरकार-सरकारको बीचमा पनि सम्बन्ध अझै प्रगाढ बनाउँछ । भारतसँग हाम्रो भाईचारा, दोस्ती, सद्भाव अनि पारिवारिक सम्बन्ध रहँदा रहँदैप नि उद्योगमा भारतको लगानी नेपालमा कम तर नेपाल र भारतको बीचमा व्यापारिक कारोबार अरु देशहरुको तुलनामा धेरै नै बढी छ । जबसम्म हामीले व्यापारिक साझेदारीलाई औद्योगिक साझेदारीको रुपमा रुपान्तरण गर्दैनौं तबसम्म हाम्रो देशको दिगो विकास सम्भव हुँदैन ।

आजको दिनमा भारतले विश्वव्यापी रुपमा आफ्नो लगानीलाई विस्तार गरिरहेको छ । नेपालका विभिन्न क्षेत्रहरु जस्तो पर्यटन, हाईड्रोपावर, कृषि, शिक्षा, स्वास्थ्य लगायतका अन्य थुप्रै क्षेत्रहरुमा प्रचुर सम्भावनाहरु छन् । तर यही सम्भावनाका कुराहरु हामीले हाम्रो विदेशी मित्रहरुलाई समेत बुझाउन सकेका छैनौं ।

जबसम्म भारत सरकारले नेपालमा लगानी गर्न आफूसहित विदेशी कम्पनीहरुलाई प्रोत्साहन गर्दैन तबसम्म नेपालले व्यक्तिगत पहलकदमी लिनु सार्थक हुँदैन । तर पनि भारतीय निजी क्षेत्रका लगानीकर्ताहरुलाई नेपालमा लगानी भित्र्याउन र विश्वासको वातावरण सिर्जना गर्न नेपालका नीजी क्षेत्रकाहरु रातदिन लागिपर्नु भएको छ र त्यो कदम सार्थक पनि बन्दै गएको छ । ठूलो लगानी बल्कमा भित्रियो भने सानोतिनो लगानी स्वतःस्फूर्त रुपमा भित्रिन्छ । त्यसैले विदेशी लगानी बल्कमा नेपालमा भित्रियाउन आवश्यक छ ।

'सबैको साथ सबैको विकास सबैको विश्वास' प्राप्त गर्ने भारत सरकारको चाहना र 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न द्विदेशीय साझेदारी र सहकार्यको विकल्प छैन । सशक्त सहकार्यमुखी भारत-नेपाल सम्बन्ध दुई देशका जनताको हितमा छ । आपसी सम्बन्धलाई अझ प्रगाढ एवं परिणाममुखी तुल्याउनुपर्ने आजको अपरिहार्यता छ ।

विकास सहायता, सबल सम्पर्क सञ्जाल, विस्तारित भौतिक पूर्वाधार र आर्थिक सहयोगका परियोजनामा केन्द्रित रहेर भारतले नेपालसँगको सम्बन्धलाई अघि बढाउँदै आएको छ । नेपालको विकासका प्राथमिकतानुसार भारतले निरन्तर सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ । नेपाललाई भारतले आफ्नो प्रमुख मित्र र विकासको साझेदारका रुपमा लिएकोले दुवै देशका विकास एवं सामाजिक-आर्थिक रुपान्तरणका समान चुनौती रहेकाले एकार्काका अनुभवबाट सिक्न आवश्यक छ ।

भारत सरकारको सहयोगमा स्थानीय समुदायका आवश्यकतानुसार सामुदायिक सम्पत्ति निर्माण तथा तल्लो तहमा सामाजिक-आर्थिक समृद्धि प्रवर्द्धन गर्न समुदाय विकासमा उच्च प्रभाव पार्ने परियोजना नेपालका ७७ वटै जिल्लामा कार्यान्वयन भइरहेको छ । तिनमा शिक्षा, स्वास्थ्य, सिँचाइ, पेयजल, संस्कृति र सम्पदा संरक्षण, सीप विकास, युवा प्रशिक्षण र कृषिलगायत विकास परियोजना समावेश गरिएको छ ।

भारतको यशस्वी प्रधानमन्त्री नरेन्द्र मोदीजी सन् २०१४ मा सरकारमा आएपछि १७ वर्षपछि नेपालमा उच्चस्तरीय भ्रमण गर्नुभएको र उहाँले सरकारको नेतृत्व गरेदेखि नै छिमेकीहरुको सम्बन्धलाई पहिलो प्राथमिकतामा राखेर तदनुरुप व्यवहार हुँदै आएको हो । भारतलाई उच्च आययुक्त देशका रुपमा विकास गर्न भारत सरकारको उद्देश्य पूरा गर्न नेपालको सहयोग पनि अत्यावश्यक हो । नेपालको अथाह जलसम्पदा स्वच्छ ऊर्जा उत्पादनका निम्ति प्रमुख स्रोत हुने र त्यसले नेपालको आर्थिक उन्नयनमा पनि असीमित रुपान्तरण गर्न सकिनेछ । नेपालमा भूकम्पका बेला होस् वा कोरोना सङ्क्रमणको कठिन अवस्था, भारतले नेपाललाई उच्च प्राथकितामा राखेर सहयोग गरेको छ र भविष्यमा पनि गर्नेमा हामी विश्वस्त छौं । नेपाल र भारतको सम्बन्ध आत्मीय रहेको तथा त्यसले दुई देशका जनताबीच शक्तिशाली सम्बन्धलाई अझ सुदृढ बनाएको छ । नेपालको दीर्घकालीन विकासका परियोजनामा भारतले सहकार्य गरेको र कैयौं परियोजना सम्पन्न भएको तथा बाँकी परियोजना द्रुत गतिमा पूरा गर्न भारत प्रतिबद्ध रहेको हामी हेरिरहेका छौं ।

भारतले सन् २०२२ को अप्रिलदेखि सन् २०२३ को जनवरीसम्म भारत-नेपाल विकास साझेदारीअन्तर्गत ७५ परियोजना उद्घाटन गरिसकेको छ । उद्घाटन भएका परियोजनामा १७ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना, ४८ वटा भूकम्पपछिको पुनर्निर्माण परियोजना ७७ जिल्लाका ३० विद्यालय र ४ जिल्लाका १४ वटा स्वास्थ्य पूर्वाधार रहेका छन् ।

भारतले वि.सं. २०७२ मा गएको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका ११ जिल्लाका शिक्षा तथा स्वास्थ्य परियोजनालाई १० करोड अमेरिकी डलरका दरले सहयोग प्रदान गर्ने प्रतिवद्धता जनाएको छ ।

भारतले नेपालको विकासका लागि जयनगर-कुर्ता रेलमार्ग उद्घाटन, १३२ केभीको सोलु कोरिडोर प्रसारण लाइन उद्घाटन, ७५ एम्बुलेन्स र १७ स्कुल बस सहयोग, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई सहयोग, विपद् तथा राहत सामाग्री सहयोग, निर्वाचन सम्पन्नका लागि २०० सवारी साधन सहयोग, भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने मोटरेवल पुलको शिलान्यास कार्य सम्पन्न गरेको छ । यसबाहेक भारतले दुई देशबीचको रक्षा सहकार्य, व्यापार साझेदारी र शैक्षिक आदानप्रदानमा समेत सहयोग एवम् सहकार्य गरेको छ ।

भारतले शैक्षिक आदानप्रदान कार्यक्रम मार्फत महात्मा गान्धी छात्रावृत्ति योजनाअन्तर्गत ५००, स्वर्णजयन्ती छात्रावृत्ति योजना २००, भारतमा अध्ययन गर्न जाने ७०० विद्यार्थीलाई छात्रावृत्ति, भारतको आर्मी पब्लीक स्कुल अध्ययनका लागि ३३ जनालाई छात्रावृत्ति प्रदान लगायतका सहयोग हुँदै आएको छ ।

यस्तै, कोभिडको समयमा भारतले कोरोना टेस्ट किट, मास्क, सेनिटाइजर, फेस शिल्डलगायतका स्वास्थ्य सामाग्रीसमेत हस्तान्तरण गरेको थियो ।

विश्वव्यापीकरण र आर्थिक उदारीकरणले अर्थ व्यवस्था जुन गतिले विस्तार भयो, यो नियन्त्रणात्मक व्यवस्थामा सम्भव थिएन । व्यापारसँगै मानिसको सहज आवागमन आर्थिक सामर्थ्यका आधारमा साना मानिएका देशका लागि थप अवसर हो । सिमाना नियन्त्रणबाट खुलापन संकुचित हुन्छ । अमेरिकाको दक्षिणी सिमानाका देशहरूले अमेरिकाजस्तो विशाल बजार भेट्टाएरै आर्थिक उन्नतिमा छलाङ मारेका छन् । यूरोपेली संघ देशबीचको आपसी खुलापनबाट लोभलाग्दो आर्थिक प्रगति सम्भव भएको छ । यो आबद्धता आज एकीकृत शासकीय संरचनाको बहसतर्फ अगाडि बढ्न थालेको छ । भारतसँग हाम्रो आर्थिक सम्बन्ध बढी आबद्ध हुनुमा भौगोलिक सहजतामात्र होइन, योसँगै खुला सिमाना पनि प्रमुख कारण हो ।

खुला सिमानाले हाम्रो समाजमा ठूलो सांस्कृतिक विविधता ल्याउन सक्छ । विश्वका धेरै देशहरूमा खुला सिमानाहरू छन् । सामान्यतया, खुला सिमानाले अन्तर्राष्ट्रिय व्यापारलाई पनि प्रोत्साहन गर्छ । खुला सिमानाका साथ आफ्ना वस्तुहरू ढुवानी गर्न कम्पनीहरूलाई धेरै सहज हुने भएकाले कम्पनीहरूलाई आफ्नो लक्षित बजार विस्तार गर्न अझ बढी आकर्षक बन्नेछ । फलस्वरूप, त्यहाँ थप अन्तर्राष्ट्रिय व्यापार सम्झौताहरू हुनेछन् जसले समग्र रूपमा हाम्रो विश्वव्यापी अर्थतन्त्रलाई फाइदा पुऱ्याउन सक्छ ।

(लेखक नेपाल-भारत खुला सीमा सम्वाद समूहका संयोजक हुन् ।) (मधेश दर्पण फिचर सेवा)

# सीता मेरी तेस्रो आँखा हुन् : प्रचण्ड

समाजमा श्रीमान् श्रीमती भन्ने भाव बोकेका दुई जना मान्छेको जोडीबाट नै दुनियाँ चलेको हुन्छ । आज म जहाँ, जुन ठाउँमा छु, यहाँसम्म आउन श्रीमती सीता दाहालको ठूलो भूमिका छ । हामी एउटै गाउँठाउँका मान्छे हौं । कास्कीको स्याङ्जा पनि एउटै भेग हो । हाम्रा आमाबुबा एकै साल चितवन झर्नुभएको रहेछ । तर, सल्लाह गरेर भने होइन । गाउँ एउटै भए पनि अलि फरक हुने कुरा भयो । हाम्रो चिनजान पनि थिएन । उनीहरूको परिवार सुन्दरबस्ती भन्ने ठाउँमा रहेछ । हाम्रो बसोबास भीमसेन नगरमा थियो ।



हामी १६ वर्षको हुँदा बिहे भएको हो । त्यसभन्दा अगाडि हाम्रो कुनै चिनजान थिएन । पछि हाम्रै नाता पर्नेहरूबाट प्रस्ताव ल्याइएको थियो । उनका लागि पनि केटा खोजिँदै रैछ, मेरो पनि बिहेको कुरा चलेको थियो । त्यसपछि त्यही हामी रिलेटिभबाट नै हाम्रो बिहेको कुरा फाइनल भएको हो ।

फेरि बिहेको कुरा पनि फागुनको अन्तिमबाट चलेर वैशाखसम्म पुग्यो । चैतमा बिहे गर्ने कुरा पनि भएन । अनि २०२६ साल वैशाख २६ गते हाम्रो मागी विवाह भयो । कुरा चले पनि त्यसबीचमा हाम्रो कुनै कुरा हुने कुरै भएन । विवाह हुँदा हाम्रो घरमा परिवार पनि धेरै थियौं । ६ जना दिदीबहिनी, दुई दाजुभाइ ।

उनको आमाले हाम्रो घरमा धेरै छोरी छन् भनेर बिहे गर्न अलि नमानेको जस्तो कुरा पनि सुनिन्थ्यो त्यतिबेला । जे होस्, यसरी हाम्रो बिहे भयो ।

१५/१६ वर्षमा के जानिन्छ र ? म १० कक्षामा पढ्थें । मलाई हरेक कुरामा उनले त्यतिबेलाबाट नै सघाउँदै आएकी हुन् । मेरो परिवार ठूलो थियो । नआत्तिइकन उनले सबै पारिवारिक भूमिका निभाउँदै गइन् ।

मलाई पढ्नमा पनि सीताले सहयोग गरिन् । मेरो सासुआमाले समेत मलाई पढाउन खर्चबर्च दिनुहुन्थ्यो । यसरी जीवन अगाडि बढ्यो । पछि बच्चा भए । म त्यतिबेलै पनि संगठनमा हिँड्थें । जेहोस् त्यतिबेलाबाटै पार्टी संगठनमा काम गरिन्थ्यो । उनले घर नसम्हालेको भए, म यसरी हिँड्न पाउने थिएँ या थिइनँ, त्यो कुरा अलग छ ।

त्यति धेरै काम गरेर पनि उनी मसँग कहिलेकाहीं पार्टीको काम गर्न पनि हिँड्थिन् । पछि बहुदल आयो, उनको काम कर्तव्यमा कुनै कमी आएन । कहिल्यै मसँग कुनै गुनासो गरेको मलाई सम्झना पनि छैन । जहिले पनि ऊर्जा दिने र काम गर्नुपर्छ भन्ने गरिन् ।

हरेक सफल मान्छेको पछाडि श्रीमतीको बलियो हात रहेको हुन्छ भन्छन् । मेरो सवालमा भन्ने हो भने मेरो लागि सीता तेस्रो आँखा हुन् ।

हामीले सानैमा बिहे गऱ्यौं । बच्चाहरू भएपछि महिलालाई कति गाह्रो हुन्छ, त्यो त सबैलाई थाहा भएकै कुरा हो । उनले चार/चार जना बच्चालाई हुर्काउने बढाउने काम गरिन् । यसमा मैले उनलाई कुनै सहयोग गर्न सकिनँ । पहिले पनि म पढ्दै थिएँ । पछि संगठनमा काम गर्न थालें । फेरि उनीहरूलाई चितवन नै छाडेर म गोरखा पढाउन पनि गएँ । त्यसैले साथ दिन सकिनँ । जति गरिन्, उनले मात्र गरिन् मेरा लागि ।

त्यति धेरै गरेर घरपरिवार सम्हालेर पनि संगठन र पार्टीप्रति पनि उनले सहयोग गर्थिन् । पञ्चायतकालमा हामी भूमिगत भएको समय साथीहरू घरमा आउँथे । उनले रातिराति खाना पकाएर सबैलाई खुसीसाथ खुवाउने गर्थिन् । कत्ति पनि नरिसाइकन एकदम कुशल तरिकाले काम गरेको देख्दा मेरो मनमा लाग्थ्यो, महिलाहरूमा साँच्चै अद्भूत शक्ति छ ।

हामी भए के यति धेरै गर्न सकिन्थ्यो र भनेर पनि धेरैपटक सोच्ने गरेको छु । म सीताको विषयमा मात्र होइन, समग्र महिलाहरूका विषयमा यसरी नै सोच्ने गर्छु । महिलाहरूभित्रको यो अद्भूत शक्तिलाई अगाडि आउन दिनुपर्छ भन्ने पनि लाग्छ ।

बच्चाबच्चीहरू, घरपरिवारको बाबजुद पनि पार्टी, संगठन भनेपछि उनी हुरुक्कै हुने गर्थिन् । क्लासमा जाने, पार्टीका क्लास सुन्ने गर्थिन् । म पनि सकेसम्म उनलाई लाने कोसिस गर्थें । पछि पार्टीले युद्ध घोषणा गऱ्यो ।

मैले सल्लाह गर्न नपाए पनि समय नभए पनि खाने बेलामा होस्, सुत्ने बेलामा होस्, उनले एउटा एउटा कुरा गरिरहन्थिन् । देशको चिन्ताका कुरा, जनताको चिन्ताका कुरा । मलाई कहिलेकाहीँ त अचम्म पनि लाग्थ्यो, यति सामान्य मान्छे पनि पर्दै र गर्दै गएपछि यति धेरै शक्तिशाली बन्ने रहेछ ।

मैले उनलाई अब यस्तो हुँदै छ है भनें । उनले कुनै अब्जेक्सन नै नजनाइकन देश र जनताका लागि जेजस्तो परिस्थितिमा पनि तपाईं पछाडि हट्नै हुन्न भनिन् । मैले सल्लाह गर्न नपाए पनि समय नभए पनि खानेबेलामा होस्, सुत्नेबेलामा होस्, उनले एउटा–एउटा कुरा गरिरहन्थिन् । देशको चिन्ताका कुरा, जनताको चिन्ताका कुरा । मलाई कहिलेकाहीँ त अचम्म पनि लाग्थ्यो, यति सामान्य मान्छे पनि पर्दै र गर्दै गएपछि यति धेरै शक्तिशाली बन्ने रहेछ ।

मैले उनीसँग त यो कुरा कहिल्यै भनिनँ । तापनि यो कुरा मनमनमा सोच्थें । युद्धको समय कहिले कहाँ, कहिले कहाँ गएर बस्नुपर्ने । चार/चार जना बच्चा कोही कता, कोही कता भए पनि उनी मसँगै निरन्तर रहिन् । बरु कहिलेकाहीँ मैले के गर्ने होला भनेर परिवारको यसो कुरा निकाले पनि उनले आमनेपाली जनताका छोराछोरीका आमाबाउ भइसक्यौं तपाईं हामी, अब सानो मन बनाउनै हुन्न भन्थिन् । फेरि यस हिसाबले पनि उनी मेरो तेस्रो आँखा नै हुन् ।

हरेक संकटमा उनले मलाई साथ दिएकी छन् । मेरो परिवारको कुरा मात्र होइन, पार्टीमा पनि संकट पर्दा उनले निकै राम्रो भूमिका खेलेकी छन् । पार्टीमा विवाद हुँदा, अन्तरसंघर्ष हुँदा जहिले पनि सबैका कुरा सुन्नुपर्छ, एक/दुई जनाका कुरा सुनेर निर्णयमा पुग्नुहुन्न भन्ने गर्थिन् । उनी पार्टीको सल्लाहकार पनि हुन् । उनको सल्लाहले गर्दा पार्टी फुट्नबाट बचेको पनि छ ।

संकटकालमा हरेक संकटमा बचाउने उनमा अचम्मको शक्ति थियो । त्यसैले मैले उनलाई मेरो जीवनको तेस्रो आँखा भनेको हुँ । एकपटक दिल्लीबाट लखनउ जाँदै गर्दा त्यतिखेर निकै चेकिङ थियो । मैले किताब लिएर हिँडेको थिएँ । उनले पहिल्यै भनेकी थिइन्, 'तपाईंले यो नबोक्नुस्, हामी फस्न पनि सक्छौं । बरु पछि साथीहरूले लिएर आउनुपर्छ ।'

केही हुन्न भनेर मैले किताब बोकेर हिँडें । रेल चढेको केही समयपछि चेकिङ सुरु भयो । व्यापक सुरक्षा बढाइएको रहेछ । एक/एक जनालाई चेक गरेको थियो । हामी दुई जना एक जनाको टाउकोतिर अर्को खुट्टा गरेर मुख छोपेर सुतेका थियौं । चेकिङ आइसकेपछि उनले मलाई संकेत गरिन्, मैले मुख छोपें । उनले आफ्नो मुख खोलेर निदाएजस्तो गरिछन् । सामान्य गृहणी निदाएजस्तो मानेर हामीलाई केही पनि गरेन । त्यसबेला त्यसरी बाँचियो ।

दिल्लीमै सुरेश आले मगर र मात्रिका यादव पक्राउ परिसकेपछि पनि हामी धन्न बाँचेका हौं । म उहाँहरूको कोठामा जान लागेको बेला उनले मलाई 'मनमा शंका छ, तपाईं बुझेर मात्र जानुपर्छ,' भनिन् । पछि बुझ्दा त्यहाँ प्रहरी आएर उहाँहरूलाई पक्राउ गरिसकेको थियो ।

अरू यस्ता धेरै घटना छन्, जहाँ उनले मलाई बचाएकी छन् । यस्ता धेरै ठाउँमा उनको तेस्रो आँखाले काम गरेको छ । त्यसैले सीता मेरो श्रीमती मात्रै होइन, मेरो साथी, सहपाठी, सहयोगी, सहयोद्धा जेजे भन्न मिल्छ, ती सबै हुन् ।

ठूली छोरी ज्ञानुको मृत्युपछि उनी धेरै निराश बनेकी थिइन् । त्यसपछि पनि उनी परिवार सबैलाई कसरी मिलाउने र पार्टीमा पनि काम गर्ने भनेर सोचिरहन्थिन् । प्रकाशको निधन भएपछि उनमा झनै धेरै दुःख र पीडा भएको देखेको छु मैले । मैले धेरै सम्झाउने कोसिस पनि गरें ।

तर, मानिस बिरामी परिसकेपछि फरक हुने रहेछ । अहिले उनको उपचार भइरहेको छ । पहिलेभन्दा झन्झन् गल्दै गइरहेकी छन् । एक जना मान्छे पहिले मान्छे र उसको भावनाको गहिराइमा गएर हेर्ने हो भने त समस्या जटिल छ । उनले मलाई जति साथ दिइन्, सहयोग गरिन्, त्यसको सानो र थोरै भाग पनि मैले उनको लागि गर्न सकेको छैन । समय पनि नहुने रहेछ ।

हामीले विभिन्न ठाउँमा उपचारका लागि लग्यौं । सिंगापुरको वाटर थेरापी गराइयो । त्यसले अलि सुधार हुन्छ कि जस्तो लागेको थियो । म्याग्दीको तातोपानी लगेको पनि त्यही हो, केही ठीक भइन् भने मलाई अलि सजिलो हुने थियो भन्नेमा थिएँ ।

हामीले अमेरिका पनि लग्यौं । केही सुधारजस्तो भए पनि ठीक भएको छैन । उनको यो अवस्थाले मेरो भावनामा मान्छे मात्र र श्रीमान् मात्र भएर सोच्ने हो भने त ठूलो पीडा हुन्छ । साँच्चैभन्दा पहिले पहिलेका धेरै कुराहरू सम्झिन्छु । उनले मलाई धेरै सहयोग गरेकी छन्, साथ दिएकी छन् । कतै मैले उनलाई साथ दिन र सहयोग गर्न नसकेको हुँ कि जस्तो पनि लाग्छ । कोसिस गर्ने हो भने मान्छेलाई कतिखेर के हुन्छ भन्ने कसलाई थाहा हुने रहेछ र !

*'सीता दाहाल : प्रचण्डकी जीवन संगिनी' पुस्तकबाट साभार)*

# राति अबेरसम्म सुत्नु हुँदैन ? हुन सक्छ चाँडै मृत्यु !

दिनभर काम गरेपछि थाकिएपछि राति आराम गरिन्छ । हाम्रो शरीरले हामी सुतेपछि राति हुन्छ । तर कुनै दिन राति अबेरसम्म निद्रा लाग्दैन । कहिलेकाहि त यस्तो हुनु ठिकै हो । यदि सधैं वा प्रायः जसो यस्तो हुन्छ भने यो धेरै घातक हुन सक्छ । यस्तो तर्क भर्खरको भएको अनुसन्धानले बताएको छ । यस अनुसन्धानका अनुसार राति अबेरसम्म उठ्ने बानीले मानिसलाई खराब बानीको लत बनाउँछ ।

**मृत्युको जोखिम**

फिनल्यान्डमा गरिएको यस अनुसन्धानले राति नदिदाएर बस्ने मानिसहरू दिनमा जागै बस्नेहरूको तुलनामा धेरै मदिरा र सुर्तीजन्य पदार्थ सेवन गर्छन् । जसका कारण मानिसलाई लागूऔषधको लत लाग्न थाल्छ । अनुसन्धानले देखाएको छ कि राति अबेरसम्म जाग्ने मानिसहरू गलत कामको लतमा पर्छन्। यति मात्र होइन, अनुसन्धानमा यो पनि भनिएको छ कि यी खराब बानीका कारण चाँडो मृत्यु हुने सम्भावना ९ प्रतिशतले बढ्छ ।

**२४ हजार मानिसहरूमा गरिएको थियो अनुसन्धान**


क्रोनोबायोलोजी इन्टरनेशनलमा प्रकाशित यो अनुसन्धान सन् १९८१ देखि २०१८ को बीचमा २४ हजार जुम्ल्याहाको स्वास्थ्यमा गरिएको थियो। जसमा उनको निद्राको चक्रबारे प्रश्न सोधिएको थियो। १९८१ देखि २०१८ मा ८ हजार ७२८ जनाको मृत्युको रेकर्ड पनि देखियो। जसबाट राति अबेरसम्म जाग्राम बस्ने मानिसको मृत्यु राति चाँडो सुत्नेभन्दा चाँडो हुने गरेको पाइएको थियो ।

**मेलाटोनिनको रिलीज ढिलाइ**

शोधकर्ताहरूका अनुसार ढिलो सुत्ने मानिसको शरीरमा ढिलो निद्रा लाग्ने मेलाटोनिन हर्मोन शरीरमा निस्कन्छ । जसका कारण ढिलो निन्द्रा लाग्नुका साथै बिहान चाँडो उठ्न पनि पाउँदैनन् । चाँडै उठेपनि सक्रिय हुँदैनन् । दिउँसो वा साँझसम्म मात्र ऊर्जा आउँछ ।

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)
सुरुमा खर्च बढ्नाले अर्थ अभाव हुनेछ, यात्राको अवसर जुट्नेछ, केही व्यवहारिक चुनौतिको सामना गर्नुपर्नेछ, नयाँ काममा अवसर जुट्नेछ, भोजन प्राप्ति हुनेछ, बोलीको प्रभाव बढ्नेछ, मानसम्मानको पनि योग छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)
आम्दानी बढ्नेछ, प्रशस्त दाम पनि हात लाग्नेछ, मेहनतबाट सफलता हात पर्नेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, खर्च अभावले समयमा काम पूरा नहुने देखिन्छ, साथीभाईको कारणले दुःख पाइनेछ, आइतबारदेखि विभिन्न अवसर जुट्नेछ, प्रेम र मित्रताको बन्धन कसिने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)
चिताएको काम सजिलै बन्नेछ, अरुको विश्वास जित्न सकिनेछ, विशिष्ट व्यक्तिबाट सम्मान पाइएला, नाम र दाम हात पार्ने समय छ, दिगो आम्दानीको श्रोत खुल्नेछ, आम्दानी बढ्नेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, घरपरिवारबाट टाढिन सक्नेछछ, तर सानो दुरीको यात्रा गर्ने अवसर जुट्नेछ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)
सुरुमा सुख दुःखको सामना गर्नुपर्नेछ, लगनशिलताले दाम इनाम बढ्नेछ, आत्यात्मिक ज्ञानले मानसिक सुख प्राप्त हुनेछ, धर्म संस्कृति जगेर्नामा रुचि बढ्नेछ, तारिफयोग्य कामले सफलता मिल्नेछ र नोकरी प्राप्त हुन सक्ने देखिन्छ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)
प्रारम्भमा केही चुनौति आइपर्ला । कमजोरीको फाइदा उठाउने चुष्ठा गर्नेछन् । काममा तरलता आउनेछ, जिम्मेवारी बढ्नेछन् र अरुको लागि समय खर्च होला, शुक्रबारदेखि काममा सुधार आउनेछ, विशिष्ठ व्यक्तिको संगतले फाइदा दिनेछ, पूराना कामको पनि चर्चा हुने देखिन्छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)
साताको प्रारम्भमा खुशी बढ्नेछ, यात्राको साइत जुर्नेछ, व्यापारमा विशेष फाइदा हुनेछ, काममा जोश जाँगर बढ्नेछ, खानपिनमा सजग रहनुहोला, आँट कमजोर हुनेछ, अर्थ अभावले स्वास्थ्यमा गडबढी हुनेछ, पहिलेको कमजोरीबाट फाइदा उठाउन सक्ने समय छ, संचित रकम पनि खर्चनुपर्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)
मेहनतबाट प्रसतद्वन्द्वी पछि पर्नेछन्, नयाँ अवसर प्राप्त हुनेछ, काम बन्नाले आम्दानी बढ्नेछ, सानो प्रयासले ठूलो फाइदा मिल्नेछ, लामो दुरीको यात्राको अवसर जुट्नेछ, भौतिक साधन जुट्नेछ, अवसरको लागि केही चुनौति सामना गर्नुपर्नेछ, स्वास्थय भने गडबढी देखिन्छ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)
सुरुमा अबरोध गरे पनि प्रयत्न गर्दा कार्य सफल हुनेछ । अध्ययनमा सामान्य प्रगति हुनेछ, नयाँ कामको अवसर जुट्नेछ, व्यवसायमा लाभ हुनेछ, देश विदेशको यात्राको अवसर जुट्नेछ, मन मिल्ने साथी भेट्नुका साथै प्रेम बन्धन कसिलो हुनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)
प्रारम्भमा घरेलु समस्याले सताउने, शुभ चिन्तकको सुझावलाई वास्ता नगर्दा अलि दुःख पाइनेछ, बुद्धिको उपयोगले काम लिने प्रयास गर्नुपर्नेछ, शुक्रबारदेखि स्थितिमा अनुकुल हुनेछ, हिम्मतले काम बन्नेछ, आम्दानीको श्रोत बढ्नेछ, काममा अवरोध गर्ने पनि पराजित हुनेछन्, काममा अलि गोप्य राख्नुपर्ने हुन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)
प्रयास गर्दा ठूलो उपलब्धी हात लाग्नेछ, नयाँ कर्ममा मन उत्साह हुनेछ, शुभचिन्तकले साथ दिने छन्, सुक्र र शनिबार घरायसी समस्या बढ्नेछ, सोचेको काममा अलि बाधा हुनेछ, सामाजिक कार्यले मन उत्साह हुनेछ, अध्ययनमा प्रगति हुने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)
बोलीको प्रभावले फाइदा हुनेछ, अध्ययनमा राम्रो छ, दिगो फाइदा हुने काम सुरु हुनेछ, लक्ष्य प्राप्ति गर्न सकिनेछ, साइनो गाँस्नेहरुले दुःख दिनेछन् । घरमा बसेर काम सम्पादन गर्न सकिनेछ । कामको फाइदाको लागि गोप्य राख्नु होला ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)
काममा सफलता हुनेछ, लगनशिलताले ठूलो काम गर्ने मौका मिल्नेछ, भोजभत्तेरमा सामेल हुनुपर्ने देखिन्छ । मान सम्मान मिल्नेछ, अध्ययनमा सफलता हुनेछ । मनपर्ने बस्तु उपहार प्राप्त हुने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिकेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# टेष्ट राष्ट्रहरूसँग खेल्दा धेरै अनुभव लिन पाए : गुल्शन झा

काठमाडौं । क्रिकेटर गुल्शन झा सुरुमा राष्ट्रिय टिममा प्रवेश गर्दा फास्ट बलर थिए । जिम्बाव्वेमा सम्पन्न आईसीसी क्रिकेट विश्वकप छनोटमा भने अलराउण्ड प्रदर्शन गरेर उनले आफ्नो बदलिएको परिचय देखाउने कोसिस गरे ।

वायाँहाते ब्याटर गुल्शन विश्वकप छनोटमा एक अर्धशतकसहित १३९ रन बनाएका थिए । उनले ६ खेल खेल्दा ५ खेलमा ब्याटिङ गरे । यस्तै उनले ८ विकेट लिए । ५ खेलमा समान एक विकेट लिएका उनले एक खेलमा ३ विकेट लिएका थिए ।

नेपालका लागि सर्वाधिक रन बनाउनेमा कुशल भुर्तेल, दीपेन्द्र सिंह ऐरी र कप्तान रोहित पौडेलभन्दा पछि चौथो स्थानमा रहेका उनी सर्वाधिक विकेट लिनेमा करण केसी -१२) भन्दा पछि थिए ।

पहिलो पटक विश्वकप छनोट खेलेका १७ वर्षीय गुल्शनले जिम्बाव्वेमा टेष्ट राष्ट्रहरुसँग खेल्दा धेरै अनुभव लिन पाएको र धेरै कुरा सिक्ने अवसर पाएको बताए । 'विश्वकप छनोट एकदमै राम्रो अनुभव भयो । ठूला देशहरु वेष्ट इन्डिज, जिम्बाव्वे, आयरल्याण्डसँग खेल्न पायौं,' गुल्शनले अनलाइनखबरसँग भने, 'धेरै कुराहरु थाहा पायो र धेरै कुराहरु सिक्न पायौं । आफ्नो कमजोरी पनि थाहा भयो कहाँ काम गर्नुपर्छ भनेर ।'

जिम्बाव्वेमा अलराउण्डर प्रदर्शन गरे पनि गुल्शन यतिमै सन्तुष्ट छैनन् । उनले यसलाई सामान्य प्रदर्शन नै माने । 'नर्मल भयो । यसमा अझै सुधार हुन सक्थ्यो । अझै योगदान गर्न सकिन्थ्यो । पछि सरहरुसँग पनि कुरा भयो कि कहाँ काम गरेपछि अझै राम्रो गर्न सकिन्छ भनेर ।'

साथै उनले आफूमा अझै सुधार गर्नुपर्ने कुराहरु रहेको पनि बताए । 'मेरो सुधार गर्नुपर्ने कुराहरु धेरै छन् । मैले लाइन र लेन्थ सुधार गर्नुपर्छ । स्पीड पनि अझ सुधार गर्नुपर्छ,' ६ फिट उचाइका गुल्शनले भने, 'बलिङमा विस्तारै सुधार भइरहेको छ । सिक्दै गइरहेको छु र राम्रो हुँदै गइरहेको छ ।' उनले थपे, 'यो लेभलमा जति धेरै म्याच खेल्यो उति नै धेरै सुधार हुँदै जान्छ । खेलिराख्न पायो भने अझ राम्रो हुन्छ ।'

सोमपाल कामी पहिलो खेलमै घाइते भएपछि गुल्शनको जिम्मेवारी पनि बढेको थियो । सोमपाल नहुँदा उनको कमी महसुस भएको गुल्शनले बताए । 'सोमपाल दाइ राम्रो बलरका साथै अलराउण्डर पनि हुनुहुन्थ्यो । राम्रो ब्याटिङ पनि गर्नुहुन्थ्यो । दाइको कमी भयो,' गुल्शनले भने, 'सिक्दै जानुपर्छ । कुनै बेला एडजस्ट गर्नुपर्छ आफ्नो हातमा थिएन त्यो कुरा ।'

२०२१ सेप्टेम्बरमा अमेरिकाविरुद्ध लिग टुमा खेल्दै ओडिआईमा डेब्यु गरेका गुल्शनले यो दुई वर्षमा अझ परिपक्क बन्नै गएका छन् ।



गुल्शनले दुई वर्ष पनि नबित्दै चार फरक विदेशी प्रशिक्षकको अन्डरमा खेलिसकेका छन् । तर यसमा पनि उनलाई राष्ट्रिय टिममा ब्रेक दिने डेभ वाटमोर र परिपक्क बनाउन सहयोग गर्ने मोन्टी देसाईको भूमिका महत्वपूर्ण छ ।

उनले आफूलाई यसअघि लिग टु र एसीसी प्रिमियर कपमा पनि प्रमाणित गरिसकेका छन् । आवश्यक परेका बेला ब्याटबाटै योगदान दिएर नेपाललाई जिताएका समेत छन् । चाहे त्यो लिग टुको अन्तिम खेलमा युएई विरुद्धको अर्धशतक होस् या प्रिमियर कपको फाइनलमा पनि युएई विरुद्ध नै तेस्रो नम्बरमा ब्याटिङ गर्दै अर्धशतक बनाएर जिताउँदा होस् ।

पछिल्लो पटक जिम्बाव्वेमा आयरल्याण्डविरुद्ध पनि उनले आफूलाई प्रमाणित गरे । यस पटक पनि उनले अन्तिम खेलमै अर्धतशक प्रहार गरे ।

आयरल्याण्ड विरुद्ध नेपालले २६८ रन बनाउँदा गुल्शनले नवौं नम्बरमा ब्याटिङ गर्दै अविजित ५७ रन योगदान गरे । त्यस खेलमा नेपालको लागि व्यक्तिगत धेरै रन बनाउने उनै थिए । साथै नवौं नम्बरमा खेल्दै नेपालका लागि धेरै रन बनाउने कीर्तिमान पनि उनले बनाए ।

नेपाल १६९-७ को अवस्थामा हुँदा गुल्शन क्रिजमा गएका थिए । त्यसपछि उनले सन्दीप लामिछानेसँग मिलेर आठौं विकेटका लागि ८० रनको साझेदारी गरे ।

त्यस खेलमा के योजना थियो त ? गुल्शन भन्छन्, 'हाम्रो विकेट गइरहेको थियो, रन बनिरहेको थिएन । म ब्याटिङमा जाँदा सरले एउटा टार्गेट दिनुभएको थियो- ५० ओभर खेल र २२० सम्म हेर भनेर । म त्यही सोचेर खेलिरहें । त्यसलाई फलो गरें । त्यसपछि आफैं रन बन्यो ।'

मोन्टी देसाईको आगमनपछि गुल्शनले राष्ट्रिय टिममा राम्रो अवसर पाएका छन् । मोन्टीको आगमनपछि नेपाली टिमको माहोल नै परिवर्तन भएको छ । गुल्शनमा पनि त्यो परिवर्तन भएको छ । 'सर आउनुभएपछि ममा मात्र नभई टिमकै माहोल चेन्ज भाछ,' उनी भन्छन्, 'पहिलेको भन्दा अहिले धेरै कुरामा सुधार भइरहेको छ । मानसिक रुपमा पनि धेरै परिवर्तन भएको छ । स्किल पनि सुधार भएको छ ।'

यस पटक जिम्बाव्वेमा नेपालले तीन राष्ट्रसँग ओडिआई म्याच खेल्ने अवसर पायो । जसले गर्दा अहिले नेपाली टिममा धेरै सकारात्मक परिवर्तन आएको छ । ठूला टिमसँग खेल्दाको अनुभव बटुलेको छ ।

विशेषगरी दुई पटकको ओडीआई र दुई पटकको टी-२० विश्वकप विजेता वेष्ट इन्डिजसँग खेल्न पाउनु नेपालका लागि राम्रो अनुभव रह्यो ।

'वेष्ट इन्डिजसँग खेल्दा एकदमै उत्साहित थियौं । दुई पटक च्याम्पियन टिमसँग खेल्दा फरक अनुभव पायौं । खेलको नतिजा जस्तो भएपनि सिक्ने अवसर पायौं,' गुल्शन भन्छन्, 'ठूला टिमसँग खेलेपछि हामी कहाँ कमजोर छौं । के-के काम गर्ने भन्ने थाहा पायौं ।'

जिम्बाव्वेमा सिकेको कुरा अब श्रीलंकामा इमर्जिङ टिम्स कपमा प्रयोग गरिरहेको गुल्शनले बताए । 'एसिया कपअघि श्रीलंका भ्रमण हाम्रो लागि एकदमै राम्रो अवसर हो । टेष्ट राष्ट्रको ए टिम पनि धेरै राम्रो नै हुन्छ,' उनले भने, 'आफ्नो क्षमता देखाउनका लागि यो राम्रो अवसर हुनेछ ।'

# सफा गर्दा दाँत कमजोर हुँदैन



हाम्रो समाजमा दाँत सफा गर्दा दाँत कमजोर हुन्छ, हल्लिन्छ, सिरिंग-सिरिंग गर्छ भन्ने व्यापक भ्रम रहेको छ । ठिक उल्टो दाँत सफा नगर्दा चाँही कयौं यस्ता समस्याहरु आउँछन् । गिजा तथा दाँतमा जमेको फोहोरमा लाखौं मात्र नभएर करोडौं संख्यामा किटाणुहरु हुन्छन् । त्यस्ता किटाणुहरुले त्यहाँ भएका खानेकुराहरुलाई सडाएर केही रसायनहरु उत्पादन गर्दछ । त्यस्तो रसायनले गिजा, दाँत र वरिपरिको हड्डीलाई कमजोर बनाउँदै क्षति गराउँछ ।

फोहोरबाटै उत्पन्न हुने ग्यासका कारण मुख गन्हाउने पनि गर्दछ । फोहोरलाई मुखमा जमाएर राख्नु भनेको रोगको स्रोतलाई पालेर राख्नु हो । त्यस्तो फोहोरले निम्न समस्याहरुलाई निम्त्याउने गर्दछ ।

दाँत सफा नगर्दा आउने समस्याहरु

- गिजाबाट रगत आउने
- गिजा सुन्निने
- गिजा तल माथि सर्ने
- मुख गन्हाउने
- दाँत फट्टिने र हल्लिने
- गिजा पाक्ने

मुख्यतय फोहोरका कारण गिन्जिभाइटिस र पेरिओडोन्टाइटिस जस्ता मुख्य दुई समस्या आउँछन् र तिनै रोगका लक्षण माथि उल्लेख गरिएका हुन् । समस्या बढ्दै जाँदा अन्त्यमा दाँत धेरै हल्लिने र त्यसलाई बचाउनै नसक्ने भएर निकाल्नुपर्ने अवस्था आउँछ । यस्ता जटिलता बाट बच्नलाई समयमै दाँतलाई योग्य दन्त चिकित्सकको परामर्शमा मेसिनद्वार सफा गर्नुपर्दछ ।

दाँतलाई ६ महिनादेखि वर्ष दिनमा १ पटक सफा गर्नुपर्ने हुन्छ । फोहोर जमेकै छैन भने दाँत सफा गर्ने पर्छ भन्ने पनि हुँदैन । त्यसका लागि दाँतलाई ६-६ महिनामा परीक्षण गरिनुपर्ने हुन्छ र चिकित्सकको सल्लाह बमोजिम अगाडि बढ्नु पर्दछ ।

उसो भए दाँत सफा गरिसकेपछि किन हल्लेको जस्तो, चिसो तातोले सिरिंग-सिरिंग गरेको जस्तो गर्दछ त? त्यो किन हुन्छ भने माथि चर्चा गरिएझैं फोहोरले गिजा तल-माथि सर्ने, हड्डी खिएर दाँत भित्रभित्रै हल्लिने, दाँत खिइने गर्दछ । तर त्यो व्यक्तिलाई महसुस हुँदैन किनकि फोहोरले दाँतलाई ढाकेर राखेको हुन्छ । यस्तो गर्दा हल्लिएको दाँतलाई फोहोरले समाएर राख्छ । खिइएको दाँतलाई पनि फोहोरले ढाकेको हुनाले चिसो तातो लाग्दैन। तर त्यो फोहोरलाई मेसिनले हटाउने बित्तिकै क्षति भएका दाँत बाहिर हावा-पानीमा खुल्ला हुन्छ । त्यसैले केही दिन चिसोतातो लाग्ने र दाँत हल्लिएको जस्तो अनुभुति हुन्छ। जुन बिस्तारै कम हुँदै जान्छ। कहिलेकहिँ त्यसको निवारण गर्नलाई विशेष टूथपेष्ट प्रयोग गर्नपर्ने हुनसक्छ ।

यस सम्बन्धमा अर्को पनि एक भ्रम रहेको छ । एकपटक दाँत सफा गरेपछि सधैं सफा गरिरहनुपर्दछ भन्ने विश्वास रहेको पाइन्छ। तर त्यो भन्दापनि सफा गरेपछि राम्रोसँग दाँत माझिएन भने चाँडै फोहोर जम्ने गर्दछ। र फेरि पनि दाँत सफा गर्नुपर्ने वाध्यता आइपर्छ । त्यसैले एक पटक सफा गरेसी पटक पटक सफा गर्नुपर्ने भएको हैन कि, तत्पश्चात प्रभावकारी रुपले दाँत नमाझ्नाले त्यस्तो समस्या आएको हो ।

अर्को कुरा दाँत धेरै बाङ्गो टिङ्गो छन, खप्टिएका छन भने पनि धेरै मात्रामा फोहोर जम्ने गर्दछ । एकपटक फोहोर जमिसकेपछि ब्रसले सफा गर्न सकिँदैन। त्यसैले दैनिक २ पटक खाना खाइसकेपछि प्रभावकारी रुपमा दाँत माझ्नु पर्दछ र फोहोर जम्नै दिनु हुँदैन । खाना, खाजा र गुलियो कुराहरु खाइसकेपछि राम्रोसँग कुल्ला गर्नुपर्दछ। सम्भव भए दाँत नै माझ्नु उपयुक्त रहन्छ । दिनमा एक पटक डेन्टल फ्लासको सहयताले दाँत बिचको भागलाई समेत सफा गर्नुपर्दछ ।

# कुन बार कस्तो रङ्गको लुगा लगाउँदा शुभ मानिन्छ ?

प्रत्येक रंगको फरकफरक महत्व हुन्छ । रंगहरूको पनि आफ्नै प्रभाव हुन्छ । तर के तपाईलाई थाहा छ, रंगले तपाइँको भाग्य बदल्न सक्छ ?

हो, केहि रंगहरुले तपाईलाई सकरात्मक उर्जा दिन्छन् भने केहि रंगले तपाईको काम बिगार्न सक्छ । आज हामी ती रंगहरुकोबारे चर्चा गर्दैछौं, जसले तपाईंको भाग्य परिवर्तन गर्नेछ । ज्योतिस सास्त्रअनुसार यदि तपाईले हप्ताको प्रत्येक दिन यी रंगका कपडा लगाउनुभयो भने, तपाईको भाग्यमा निश्चित रूपमा परिवर्तन आउनेछ ।

**आइतबार** : हिन्दु धर्मग्रन्थहरूमा बिहीबारपछि आइतबार सबैभन्दा शुभ र पहिलो दिन मानिन्छ । यस दिन भगवान् सूर्यदेव र भगवान् विष्णुको पूजा गरिन्छ । आइतबार सूर्यको दिन हो । किनभने यस दिन गुलाबी, सुन्तला, रातो र सुनौलो रंग लगाउनुपर्छ । यसबाट सूर्यदेवको कृपा प्राप्त हुन्छ ।

**सोमबार** : सोमबार चन्द्रदेव र शिवको दिन हो । यस दिन सेतो, क्रीम, चाँदी र हल्का रंगका कपडा लगाउनु लाभदायक हुन्छ । तपाई गुलाबी, हल्का नीलो र हल्का पहेंलो रंगहरू पनि लगाउन सक्नुहुन्छ । यसबाट जीवनमा मानसिक शान्ति, सुख र समृद्धि प्राप्त हुन्छ र दुवै देवताको आशीर्वाद प्राप्त हुन्छ ।

**मंगलबार** : मंगलबार पृथ्वीपुत्र मंगलदेव र अञ्जनीपुत्र बजरंगबलीको दिन हो । यस दिन केसर, सुन्तला, सुन्तला-पहेंलो, सिंदुर-सुन्तला जस्ता रंगको कपडा लगाउनुपर्छ । यसले जीवनमा जोश, जाँगर र साहस ल्याउँछ । यस दिन रातो रंगको कपडा पनि लगाउन सकिन्छ । यसले रक्तचाप नियन्त्रणमा राख्छ ।

**बुधबार** : बुधबार बुद्धदेव र गणेशको दिन हो । यस दिन हरियो रंग धारण गर्नु शुभ मानिन्छ । यसले जीवनमा शान्ति, समृद्धि, बुद्धि र ज्ञान ल्याउँछ । गणेशको विशेष आशीर्वाद प्राप्त हुनेछ ।

**बिहीबार** : बिहीबार बृहस्पतिको दिन हो । यस दिन पहेंलो, सुन्तला र सुन्तला रंगको कपडा लगाउनाले लाभ मिल्छ । गुरु बलवान् हुनुहुन्छ र यसले जीवनमा सुख, शान्ति र समृद्धि ल्याउँछ । विशेष कुरा यो हो कि यसले भाग्य र जीवन बढाउँछ । सन्तानले सुख पाउँछन् ।

**शुक्रबार** : शुक्रबार शुक्रदेव, माता लक्ष्मी र माता कालिकाको दिन हो । यस दिन सेतो, रातो, गुलाबी, रंगीन वा छापिएको कपडा लगाउनुपर्छ । यसले धन, समृद्धि, ऐश्वर्य र सुख ल्याउँछ ।

**शनिबार** : शनिबारका देवताहरू शनिदेव र भैरव महाराज हुन् । यस दिन गाढा कालो, गाढा नीलो, गाढा खैरो, गाढा हरियो, बैजनी र बैजनी रंग धारण गर्नुपर्छ । यसले आत्मविश्वास र साहस बढाउँछ । दुवै देवताको आशीर्वाद पनि प्राप्त हुन्छ ।




# खाली पेटमा के-के खानु हुँदैन ?

व्यक्ति शारीरिक तथा मानसिक रुपमा हरदम स्वस्थ र तन्दुरुस्त रहन आवश्यक हुन्छ । त्यसका लागि शारीरिक कसरतका साथै खाना तथा खाने समयमा समेत विशेष ध्यान दिनुपर्छ ।

हामीले खाने केही खाद्य वस्तुमा एसिडको मात्रा बढी हुन्छ । यस्ता खाद्यपदार्थ नियमित खानाभन्दा अगाडि सेवन गर्दा स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउन सक्छ । यसले गर्दा हामीलाई दैनिक काममा पनि बाधा उत्पन्न हुन्छ ।

**यी हुन् खाली पेटमा खान नहुने खानेकुरा**

**चटपटे**

खालीपेटमा कहिल्यै पनि चटपटे खाना खानु हुँदैन । यसमा एसिडको मात्रा धेरै हुन्छ, जसले हाम्रो पाचनक्रिया बिगारिदिन्छ । जसले गर्दा पेटमा समस्या आउँछ ।

**कफी**

खाली पेटमा कफी पिउनु हानिकारक मानिन्छ । यसमा क्याफिन हुन्छ, जसले खाली पेटमा नकारात्मक असर पार्छ ।

**चिया**

हुन त बिहानै खाली पेटमा चिया पिउने धेरै मानिसको बानी हुन्छ । तर खाली पेटमा चिया पिउनु पनि राम्रो होइन । चियामा उच्च मात्रामा एसिड हुन्छ, जसको कारणले पेट दुख्न सक्छ ।

**दही**

दही स्वास्थ्यका लागि लाभदायक हुन्छ । तर, खाली पेटमा यो खानाले पेट दुख्न सक्छ ।

**तरुल**

तरुलमा ट्यानिन तथा प्याक्टिनको मात्रा बढी हुन्छ । त्यस कारण, यसलाई खाली पेटमा खाँदा ग्याष्ट्रिकको समस्या बढ्न सक्छ ।

**अल्कोहल**

खाली पेटमा अल्कोहल खानाले पेटमा जलन हुन थाल्छ । यसकारण खाना पनि ठीकसँग पच्दैन र स्वास्थ्य समस्या आउँछ ।

**गोलभेँडा**

गोलभेँडामा एसिडको मात्रा धेरै हुन्छ, जसलाई खाली पेटमा खाँदा असर पुऱ्याउँछ । यसले पेटमा नघुल्ने किसिमको जेल बनाउँछ । त्यसैले खाली पेटमा गोलभेँडा नखानु नै राम्रो ।

**केरा**

खाली पेटमा केरा खानाले शरीरमा म्याग्नेसियमको मात्रा धेरै बढ्छ । यसकारण, शरीरमा क्याल्सियम तथा म्याग्नेसियमको मात्रामा असन्तुलन हुन्छ र स्वास्थ्यमा गडबढी उत्पन्न हुन् सक्छ ।

## मोदी यसकारण ...

भित्राउने मुलुक पनि बनेको छ । सँसारकै सबैभन्दा बढी जनसंख्या रहेको मुलुक बनेको छ भारत २०२३ मा ।

मोदीको कूटनीतिक चार्तुयताले भारतले रुस र युक्रेनबीचको युद्धमा भरपूर फाइदा उठाएको छ । चीनसँगको टकरावले पश्चिमाहरु भारतसँग नजिकिन वाध्य भएका छन् । दुनियाँका शक्तिशाली नेतामध्ये मोदीको नाम पनि गनिएको छ । भारतको इतिहासमा शक्तिशाली प्रधानमन्त्रीका रुपमा उभिएका छन् मोदी । यसकारण पनि उनको शक्ति झन् बढेको छ । बाह्य सँसारमा मोदीले पृथक पहिचान बनाइसकेका छन् । अमेरिका, फ्रान्स, बेलायत जस्ता देशहरुमा भारतको महत्व बढेर गएको छ । चीनले भारतसँगको सम्बन्धलाई महत्व दिन वाध्य भएको छ । रुसले पनि भारतलाई निकै महत्व दिएको छ अहिले । भारतमा यतिबेला मोदीलाई शक्तिशाली प्रधानमन्त्रीका रुपमा लिइएको छ । यसले पनि राज्यहरुमा हुने विधानसभाको चुनावमा भाजपा र उसका गठबन्धन दलहरुलाई मत नदिने मतदाताले लोकसभाको चुनावमा उनीहरुलाई नै मत दिने गरेका छन् । यसको कारण हो मोदीको जादू ।

अहिले भारतमा लोकसभाको चुनावको पूर्वतयारी चलिरहेको छ । विपक्षी कँग्रेस आईसहितका दलहरुले मोदीविरुद्ध गठबन्धन बनाएर बैठक गर्दै आएका छन् । मोदीविरुद्ध गठबन्धनमा सोनिया गान्धी नेतृत्वको कँग्रेस आई, ममता बेनर्जी नेतृत्वको तृणामुल कँग्रेस, नितिश कुमार नेतृत्वको जनता दल युनाइटेड, अखिलेश यादव नेतृत्वको समाजवादी पार्टी, लालु यादव नेतृत्वको राष्ट्रिय जनता दल, डिएमके, अरविन्द केजरिवाल नेतृत्वको आम आदमी पार्टी, शरद पावर समूहको एनसीपी, उद्धव ठाकरे समूहको शिव सेनाका अलावा कम्युनिस्ट पार्टीहरुसहित २६ दल छन् ।

मोदीको भारतीय जनता पार्टीसँग एकनाथ सिन्दे समूहको शिव सेना, अजित पावर समूहको एनसीपी, पशुपति कुमार पारस नेतृत्वको राष्ट्रिय लोक जनशक्ति पार्टी, तालिम नाडुको एआइएडीएमकेसहित २५ दल छन् । मोदीको विपक्षमा गठन भएको गठबन्धनमा रहँदा कतिपय दलहरु धमाधम फुट्न थालेका छन् । शिव सेना र एनसीपी फुटिसकेको छ । भारतको लोकसभामा बढी सिट रहेको राज्यमध्येको महाराष्ट्रमा प्रभावशाली रहेका क्षेत्रीय दलहरुको विभाजनलाई अर्थपूर्ण मानिएको छ ।

मोदीविरुद्ध एक हुन खोजेका गठबन्धन भित्रकै दलहरु एकपछि अर्को फुट्नुले विपक्षीलाई चुनौती बढ्दै गएको छ । परिस्थिति यस्तो बनेको छ कि मोदीका सामु भारतका सबै नेताहरु कमजोर देखिएका छन् । महाशक्ति बन्ने महत्वाकांक्षा बोकेको भारतमा मोदी जस्तै शक्तिशाली नेताको खोजी भइरहन्छ । यसकारण भिन्न विचारका मतदाताले पनि मोदीलाई मत दिने गरेका छन् । यतिसम्मकी सन् २०१९ को चुनावमा मोदीलाई भनेर धेरै मुस्लिम महिलाको मत भाजपालाई खसेको तथ्य खुलेको थियो । २१औं शताब्दीमा बलिया देशले बलिया नै नेता खोज्ने भएकाले पनि मोदीको तेस्रोपटक प्रधानमन्त्री बन्ने सम्भावना बलियो छ । मोदीको कार्यकालमा भारतमा कठोर निर्णयहरु भए । जसमध्ये काश्मिरको मामलामा लिइएको निर्णय र अयोध्याको मन्दिर निर्माणको सुरुवात पनि हो । बाह्य शक्तिको चुनौतीको सामना गर्दै मोदी सरकारले यी दुई मामलामा कठोर निर्णय लियो । यस्तै निर्णय लिनसक्ने र जोखिम उठाउन सक्ने भएकाले पनि भारतमा उनको शक्ति बढेको देखिन्छ ।

सन् २०१९ को चुनावमा भाजपाले बहुमत हासिल गरेपछि लता मंगेशकरले भूत र भविष्यमा हुन नसक्ने सफलता भन्दै बधाई दिइन् मोदीलाई । लता दिवंगत भइसकेकी छिन् । अब मोदीले २०२४ को लोकसभामा कस्तो नतिजा हासिल गर्ने हुन् ? चासो बनेको छ । तर, जुन गतिमा मोदीको जादू भारतभित्र र बाहिर चलिरहेको छ त्यसले उनलाई तेस्रो कार्यकाल प्रधानमन्त्री बन्नबाट रोक्न विपक्षीलाई फलामको च्युरा चपाए सरह हुने देखिन्छ । यसरी मोदी किर्तिमान बनाउँदै तेस्रोपटक भारतको प्रधानमन्त्री बन्दैछन् ।

## प्रदेश सरकारको ...

पत्रिकामा तस्बिरसहित सूचना निकाल्न नपाउने नेपाल राष्ट्र बैंकको आदेशलाई समेत उल्लंघन गरी आफू नै सर्वोसर्वा भई सहकारीका संचालक अध्यक्ष थापा, व्यवस्थापक चन्द्रलाल श्रेष्ठले डन गिरी देखाएको ऋणीहरुले गुनासो गरेका छन् ।

ऋणीहरुले ऋण लिएको एक वर्षमै ऋण लिएको रकमको सावाँ र ब्याज तिर्न जाँदा तिर्नुपर्ने रकम भन्दा अधिकतम मिटरब्याजमा हिसाव देखाएका कारण ऋणी र सहकारीका संचालकहरुबीच विवादसमेत भएको थियो । त्यतिबेलै ब्याजमा २४ प्रतिशत ब्याज र सावाँमा ५ प्रतिशत हर्जना ब्याज गरी सहकारी नियम विपरित महिमा सहकारीका संचालकले हिसाव देखाएको पीडितको गुनासो छ ।

ऋणीहरुले तिर्ने ऋणको भाका ननाघिरहेको अवस्थामा पनि सिधै जग्गा नै खाने दाउमा प्रचलित कानुनलाई समेत लत्याउँदै पटक-पटक मानसिक तनाव दिँदै महिमाका व्यवस्थापक श्रेष्ठले जग्गा नै लिलामी निकालीदिन्छु भन्दै ऋणीहरुलाई धम्क्याउने काम समेत गर्दै आइरहेको ऋणीहरुले गुनासो पोखेका छन् ।

बागमती प्रदेश सरकार अन्तर्गत पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमा बसेको सहमति अनुसार ऋणीहरुले हिसाव माग्न निवेदनसहित सहमति भएको केही दिनपछि जाँदा समेत कानमा तेल हाली आधिकारिक हिसावकिताव नदिई बागमती सरकार अन्तर्गत पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमा रजिस्टार राधाकृष्ण खतिवडाको संयोजकत्वमा बसेर गरेका सम्झौतालाई समेत धोती लगाई 'हिसावकिताव चाहिए अदालत जानुस्, तपाईंले सके तपाईंले गर्नुस्, हामीले सकेको हामी गर्छौं' भन्दै धम्की दिने काम ऋणीहरुलाई गरेको गुनासो ऋणीहरुले पोखेका छन् । यसै विषयमा पर्यटन, उद्योग तथा सहकारी मन्त्री पुकार महर्जनले महिमा सहकारीका अध्यक्ष पुरुषोत्तम थापामगरलाई प्रचलित नियम कानुनमा रही हिसावकिताव दिनु र ऋण असुलीमा सहयोग गर्नु भन्दा पनि मन्त्रीको आदेशलाई समेत वेवास्ता गरेका थिए ।

ऋणीहरुले आफूहरु अन्यायमा परेको भन्दै विभिन्न सरकारी निकायमा गई उजुरवाजुर गर्दा सबै सरकारी निकायबाट सहकारीको प्रचलित सहकारी ऐन, नियमावली र निर्देशिका र मापदण्ड बमोजिम सवाँमा १६ प्रतिशत र हर्जना वापत २ प्रतिशत लिनु भनी आदेश दिँदा पनि त्यसलाई वेवास्ता गरी ३९ प्रतिशत भन्दा बढी ब्याजको हिसाव गरी ऋणीलाई घर न घाटको बनाउने काम महिमा सहकारीले गरेको ऋणीहरुको भनाई रहेको छ ।

यसै विषयलाई लिएर महिमा सहकारीका अध्यक्ष पुरुषोत्तम थापामगरलाई सम्पर्क गर्दा कुरै गर्न नचाहिँ कार्यकारी प्रमुख तथा महिमा सहकारीका सचिव चन्द्रलाल श्रेष्ठको फोन नं. ९८५११३८९८० मा सम्पर्क गर्नु भन्दै तर्किए ।

कार्यकारी प्रमुख तथा सहकारीका सचिव चन्द्रलाल श्रेष्ठसँग यसै विषयलाई बुझ्दा आफूहरुले कानुन अनुसार नै कार्य गर्दै आएको र राष्ट्रिय सहकारी बैंकबाट ऋण लिएर ऋणीहरुलाई ऋण प्रवाह गरेको बताए । चार जना ऋणीहरुमध्ये जयराम केसी र रामभक्त महर्जनले पटक–पटक गरी ६६ लाख रुपैयाँ तिरेको पनि स्वीकार गरेका छन् । ऋणीहरुले एक करोड ५० लाख ऋण लिएको भनिए पनि चन्द्रलालले भने एक करोड ७५ लाख ३० हजार ऋण लिएको बताए । ऋणीहरुको अनुसार भने १ करोड ५० लाख ऋण लिएको र एक वर्ष अगाडि २५ लाख ३० हजार थपेको बताए । ऋणीहरुले १ करोड ५० लाख ऋण २०७५ सालमा लिई ६६ लाख पटक–पटक तिर्दा पनि सहकारीले ३ करोड ४८ लाख माग गरेको ऋणीहरुले बताएका छन् । यसैबाट पुष्टि हुन्छ सहकारीले कसरी ठगीरहेको छ ।

## फाष्ट ट्र्याकको ...

नआउँदा फाष्ट ट्र्याकको सुरुङ मार्ग निर्माणमा प्रभाव पर्ने भनिए पनि चीनबाट धमाधम आयात भइरहेको छ । नेपाली सेनाले नेपाल सरकारलाई चीनबाट बिष्फोटक पद्धार्थ ल्याउने रायसुझाव दिएपछि कम्पनीहरुले अनुमति पाएर आयात गरेका छन् । सैनिक प्रवक्ता कृष्णप्रसाद भण्डारी चीनबाट विष्फोटक पद्धार्थको कच्चा पद्धार्थ आयात भइरहेको जानकारी दिए । उनले भने, बिष्फोटक पद्धार्थको कच्चा पद्धार्थ चीनबाट आयात भइरहेको छ । भारतबाट पनि चाँडै आयात हुने प्रक्रियामा रहेको जानकारी दिए ।

सेनाले २०७४ साउन २७ मा निर्माणको जिम्मेवारी पाएको फाष्ट ट्र्याक २०७८ मा आयोजना सम्पन्न र्ने लक्ष्य निर्धारण थियो । तर, समयमा काम नभएपछि कोभिड १९ लाई कारण देखाइयो । यही कारण देखाएर सेनाले समयावधि बढाउन सरकारलाई पत्र लेखेपछि अवधि बढाइसकिएको छ । अब सेनाले २०८४ सम्म फाष्ट ट्र्याक निर्माण गरिसक्नुपर्नेछ । यसअघि सेनाले नयाँ कार्ययोजना अनुसार म्याद थपेर २०८१ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको थियो ।

फाष्ट ट्र्याक निर्माणको समयसीमा लम्ब्याउँदा लागत १ खर्ब ७५ अर्ब रुपैयाँबाट २ खर्ब १४ अर्ब पुगेको छ । लागत ३९ अर्ब बढिसकेको छ । फेरि विभिन्न बहानामा लागत बढाएर ३ खर्ब पुऱ्याउन खोजिएको छ ।

रोचक त यो छ कि फाष्ट ट्र्याकमा चिनियाँ ठेकेदार कम्पनीहरु हालीमुहाली छन् । उनीहरु निर्माण सामाग्रीदेखि कामदारसम्म चिनियाँ नै प्रयोग गर्दै आएका छन् । यतिसम्मकी सिमेन्ट र रड पनि चिनियाँ लगानीकै प्रयोग भइरहेको छ । नेपालमा निर्माण क्षेत्रमा काम गर्ने चिनियाँ कम्पनीहरु मानव स्रोतदेखि प्राकृतिक स्रोतसम्म आफ्नै प्रयोग गर्दै आएका छन् । जब कि नेपालका इञ्जिनियरहरु बेरोजगार हुनुपर्ने वाध्यता बनेको छ ।

फाष्ट ट्र्याक ढिलो गर्ने र भारतीय कम्पनीलाई रोक्ने उद्देश्यले असारको अन्तितिर दुई वटा प्याकेजका तीन प्रकारका ठेक्काहरुका प्रक्रिया नै रद्द गरिएको छ । ठेक्का पुनः खोलिएको छ ।

प्याकेज नम्बर १ देखि ३ सम्मको ठेक्का प्रक्रिया रद्द गर्न संसदीय समितिले निर्देशन दिँदा समेत अटेर गरेर चिनियाँ कम्पनीलाई ठेक्का दिएको थियो सेनाले । प्याकेज नम्बर ७ को ठेक्कामा समेत भारतीय कम्पनीलाई अदालती प्रक्रियाबाट रोकेर चिनियाँ कम्पनीलाई नै सुम्पने गतिविधि भयो ।

पछिल्लो दुई प्याकेजका तीन प्रकारका ठेक्का प्राविधिक कारण देखाउँदै ठेक्का रद्द गरेको छ । सेनाले सबै ११ वटै प्याकेजका ठेक्का प्रक्रिया पूरा गरी सम्झौता गरिसक्नुपर्नेमा हुनसकेन । यसले पनि समयावधि लम्बिने निश्चित छ ।

नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले यसअघि रद्द भएको ठेक्का प्रक्रिया पुनः खुलाइएको बताए । उनले समयमै ठेक्का सम्झौता पूरा गरेर निर्माणलाई तोकिएको समयमा सक्ने प्रयास रहने जानकारी दिए ।

**बीमामा कमिशनको खेल**

फाष्ट ट्र्याकका प्याकेजहरुमा बीमा सम्झौतामा कमिशनको खेलहरु चलेको छ । प्याकेज नम्बर ४ को बीमा सरकारी संस्था राष्ट्रिय बिमा कम्पनीलाई रोकेर निजी कम्पनीलाई दिन खोजिएको छ । प्रभु इन्सुरेन्ससँग बीमा सम्झौताको प्रयास चलिसकेको छ । यसका पछाडि ३६ प्रतिशत कमिशनको खेल रहेको बुझिएको छ ।

राष्ट्रिय बीमा कम्पनीसँग बीमा सम्झौता गर्दा जी टु जी गर्नुपर्ने र कमिशन नमिल्ने भएकाले निजी कम्पनीसँग गरेर कमिशन हात पार्ने प्रयासहरु चल्न थालेको छ । राष्ट्रिय बीमा कम्पनीले गतिलो रिइन्सुरेन्स रहेको इन्सुरेन्सको प्रस्ताव ल्याएको थियो । तर, आयोजना प्रमुख कमलविक्रम शाहकै चलखेलले निजीतर्फ मोडियो बीमा योजना । यसले उनी विवादमा तानिएका छन् ।

सैनिक प्रवक्ता भण्डारीले प्याकेज १, २, ३ र ५ मा राष्ट्रिय बीमा कम्पनीसँग बीमा सम्झौता रहेको बताए । ४, ६, ७ का प्याकेजहरुमा प्रतिष्पर्धाका आधारमा बीमा कम्पनी छनोट प्रक्रिया बढाइएको जानकारी दिए । तर, यसका पछाडि कमिशनको ठूलै चलखेल लुकेको छ । जसमा आयोजना प्रमुख कमलक्रिम शाह प्रत्यक्ष संलग्न देखिएका छन् ।

कम मूल्यमा बीमा गराउनेलाई बीमा दिएर फितलो बिमा गरेर निर्माण नै खतरामा पार्ने गतिविधिहरु फाष्ट ट्र्याकमा भएका छन् । राष्ट्रिय बीमा कम्पनी माथि सेना जस्तो जिम्मेवार निकायले विश्वास नगरेर निजीतर्फ मोडिन खोज्नुले अनियमितताको गन्ध देखिन थालिसकेको छ ।

**कमलविक्रम शाह विवादमा**

फाष्ट ट्र्याक निर्माणका आयोजना प्रमुख जर्नेल कमलविक्रम शाह एकपछि अर्को विवादमा तानिएका छन् । उनले विगतमा नेतृत्व लिएर भएका भवन निर्माणमा समस्याहरु आउन थालेपछि छानविन चलिरहेको बुझिएको छ । फाष्ट ट्र्याक आयोजनामा पनि उनले नेतृत्व लिएपछि ठेक्का प्रक्रिया नै रद्द भएको छ । उनीमाथि कारबाहीलाई तत्काल प्रधानसेनापति प्रभुराम शर्माले रोकेर राखेको विश्वस्त स्रोतले जानकारी दिएको छ । सैनिक प्रवक्ता भण्डारीले त्यस्तो कुनै जानकारी प्राप्त नभएको बताए । उनीमाथि विगतमा जिम्मा लिएको भवन निर्माणका सम्बन्धमा पनि छानबिन बढाइएको बुझिएको छ । अहिले फाष्ट ट्र्याकको बीमामा पनि निजीतर्फ मोड्न उनैले भूमिका खेले ।

भवन निर्माणका विज्ञ शाहलाई सडकको जिम्मेवारी दिँदा समस्याहरु आएको विषय सेनाभित्र उठ्न थालेको छ । त्यसमाथि राष्ट्रिय गौरवको आयोजना फाष्ट ट्र्याकमा उनमा दक्षता अभाव प्रष्ट देखिइसकेको छ । विगतका कामहरुमा कमजोरी देखिएपछि शाहमाथि आन्तरिक छानविन बढिरहेको स्रोतले बताएको छ ।

सेनाले सडकको काममा भवन निर्माणका विज्ञलाई जिम्मेवारी दिँदा फाष्ट ट्र्याकमा निरन्तर समस्या आइरहेको छ । यसअघिका आयोजना प्रमुख विकास पोखरेलले पनि फाष्ट ट्र्याकको काममा समस्या ल्याइदिए । उनीमाथि कारबाहीको विषय उठेपनि तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापाले रोकेका थिए । पोखरेल पनि सडकको नभई भवनका विज्ञ थिए । पोखरेललाई हटाएर शाहलाई ल्याए पनि उनमा पनि विज्ञताको अभाव टड्कारो देखिएको छ ।

त्यसै पनि फाष्ट ट्र्याकको काम ढिलो भइरहेको छ । समयावधि थप्ने र लागत बढाउने बहाना खोज्नमै जिम्मेवार अधिकारीहरुको समय खर्चिएको छ । थपिएको समयावधि अनुसार २०८४ मा पूरा हुनुपर्नेमा २०८० को असारसम्म २५ प्रतिशत पनि काम पूरा भएको छैन । ११ वटा प्याकेजमा निर्माणको काम बाँडिएकोमा ७ वटा प्याकेजको मात्र ठेक्का लागेको छ । प्याकेज नै टुक्राएर खोलिएका ठेक्का मध्ये ८ ख, ९ क र ९ ख अन्यौलमा परेको छ ।

७२.५ किलोमिटर एक्सप्रेस हाइवेको निर्माण आर्थिक स्वार्थले अनियमितताको अखडा बन्ने खतरा बढेको छ । रणनीतिक महत्वको सडकमा शक्ति राष्ट्रहरुको चासो उत्तिकै छ । जसका कारण देशले ठूलो आर्थिक भार बोकेर सामरिक चुनौतीको सामना गर्नुपर्ने अवस्था नआउला भन्न सकिदैन । भारतले चिनियाँ निर्माण कम्पनीका लागि बिष्फोटक पद्धार्थ नेपालमा दिँदा दुरुपयोगको खतरा देखाइसकेको छ । सैनिक प्रवक्ता भण्डारीले भारतबाट बिष्फोटक पद्धार्थ भित्राउने प्रयास अन्तिम चरणमा पुगेको बताए ।

चीनबाट बिष्फोटक पद्धार्थ भित्रिइरहेको छ । तर, बिष्फोटक पद्धार्थ नआइरहेको देखाएर निर्माण ढिलो गरी लागत बढाएर चिनियाँ ठेकेदार कम्पनीहरुलाई फाइदा दिलाएर कमिशन हात पार्ने योजनाहरु बुनिएका छन् ।

## सुन तस्करी ...

कार्यालयमा बुझाएको प्रतिवेदनअनुसार महरा बाबुछोराले भन्सार विभागका कर्मचारीलाई पटक–पटक फोन गरेर भन्सार कार्यालयमा रहेको ई-सिगरेट लिलामी गर्न दबाब दिएका थिए । सिआइबीले सरकारी वकिल कार्यालयलाई अनुसन्धान गरी बुझाएको प्रतिवेदनमा महराका बाबुछोरा र सुन आयातकर्ता चिनियाँ नागरिक एवं अरू सम्पर्क सूत्रको टेलिफोन नम्बरसहित उल्लेख गरेको छ । प्रतिवेदनमा उल्लेख भएअनुसार पूर्वसभामुख महरा र उनका छोरा राहुल महरा सुन ल्याउने समूहसँग सम्पर्कमा रहेको देखिन्छ । सिआइबी स्रोतका अनुसार महरा बाबुछोराले भन्सारका कर्मचारीलाई फोन गरेर त्यहाँका सामान आफ्नो व्यापारिक साथीको भएको र त्यसलाई लिलामीमा राखिदिन आग्रह गरेका थिए । प्रहरीले अनुसन्धानका क्रममा कल डिटेल ( सिडिआर) बाट महरा बाबुछोराको कनेक्सन पत्ता लगाएको हो । प्रहरीले सरकारी वकिलको कार्यालय काठमाडौंमा बुझाएको प्रतिवेदनमा उनीहरूको मोबाइल नम्बर नै उल्लेख गरिएको छ ।

महराका छोरा राहुलले यो विषयमा सुरुमै भन्सार कार्यालयमा फोनमार्फत् कुराकानी भएको स्विकारेका छन् । उनले चिनेजानेको मानिस भएका कारण फोन गरेको तर तिनको धन्दा के थियो भन्ने बारेमा आफूलाई जानकारी नभएको पनि बताए । 'सुरुमा सामानबारे जानकारी लिएको हो, छुटाउन दबाब दिएको होइन । अनुसन्धान त निकै पछि भएको हो । त्यतिबेला त्यसभित्र के थियो भन्ने जानकारी थिएन । उसको धन्दाबारे हामीलाई थाहा हुने कुरा पनि भएन,' राहुल महराले भने । पूर्वसभामुख महरा यसअघि पनि चिनियाँ व्यापारीसँग ५० करोड मागेको विषयमा विवादित बनेका थिए । २०६७ भदौ १८ गते परिचय नखुलेका एक चिनियाँ व्यापारीसँग उनले ५० करोड मागेको एउटा अडियो टेप सार्वजनिक भएको थियो । अहिले पनि चिनियाँ सुन तस्करले ल्याएको सुन छुटाउन भूमिका खेलेको भनी विवादित बनेका छन् ।

भन्सारमा रहेको ई-सिगरेट सुन ल्याउने समूहमा चिनियाँ नागरिक लुई, वाङ दाओजिङ, लोकेन्द्र पौडेल, खुवाप्रसाद न्यौपाने, राहुल महरालगायतले सम्पर्क सूत्रको काम गरेको स्रोतको दाबी छ । 'पटक–पटक राहुल महराको चासो रहेको पाइएको छ,' सिआइबी स्रोतले भन्यो । २०७९ पुस १० गते फ्लाई दुबईको उडान नम्बर एफजेड-०५८७ बाट नेपाल आएका एक चिनियाँ यात्रु ली हानसोङले लगेजमा राखी इलेक्ट्रिक सिगरेट (भेप) भित्र ठुलो मात्रामा सुन लुकाएर ल्याएका थिए । त्यतिबेला भन्सार विभागले ई-सिगरेट बरामद गरेर यात्रुलाई छाडेको थियो । यात्रु छाडेपछि ती चिनियाँ नागरिकले विभिन्न व्यक्तिलाई प्रयोग गरेर महरा बाबुछोराको सम्पर्कमा पुगेको सिआइबी स्रोतले जनाएको छ । 'अरू चिनियाँ नागरिकको पनि प्रयोग भएको र महरा बाबुछोराको सम्पर्क पनि उनीहरूसँग भएको पाइन्छ,' स्रोतले भन्यो ।

## जीबी राई ...

ऋण सहकारी संस्था पनि यही समूहको हो । सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको सचिवमा पूर्वउराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुन छन् ।

तीनवटा सहकारी संस्थामा जीबी राई आफैं अध्यक्ष छन् भने कुमार रस्तेल ४ वटामा । जबकि सहकारी ऐन- २०७४ मा एउटा व्यक्ति एक समयमा एउटा मात्रै संस्थाको सञ्चालक हुनसक्ने व्यवस्था छ । तर, यो समूहले संघ, प्रदेश र स्थानीय तह फरक-फरक नियामकअन्तर्गत सहकारी दर्ता गरेर सरकारलाई समेत झुक्याएको देखिन्छ ।

थप पाँचवटा सहकारीमा उनीहरुकै समूहका व्यक्तिहरु अध्यक्ष तथा सञ्चालक छन् । जीबी राईले आफ्ना दाजुभाइ अनन्तबाबु र देवेन्द्रबाबु राईलाई पनि सहकारीको सञ्चालकको जिम्मेवारीमा राखेका छन् । उनीहरुकै समूहमा रहेका आशिस आनन्द र असरफ अली सिद्धिकी एकभन्दा बढी संस्थामा एकसाथ सञ्चालक छन् । यो समूहको आबद्धता रहेको सबै सहकारी समस्यामा छन् । पछिल्लो एक वर्षयता कुनै पनि सहकारी संस्थाले निक्षेपकर्ताको बचत रकम फिर्ता गरेका छैनन् ।

नेपालभरि विभिन्न नाममा सहकारी संस्थाहरु सञ्चालनमा रहे पनि त्यसको सबै नियन्त्रण जीबी राईसँगै हुने गरेको सरकारी नियामक निकायहरुकै अनुगमनका क्रममा खुलेको छ । चितवनको सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्थामा समस्या आएपछि बागमती प्रदेश, सहकारी मन्त्रालयको सहकारी शाखाका कर्मचारी अनुगमनमा गएका थिए । तर, सहकारीका प्रबन्धकले सिस्टम माथिबाटै कन्ट्रोल हुने भन्दै कुनै विवरण दिन नसकेपछि यसै फर्किएको महाशाखाका एक कर्मचारीले बताए । ७९ करोड ५५ लाख निक्षेप रहेको यो सहकारीमा कुनै समय जीबी राई आफैं अध्यक्ष थिए, अहिले सागर केसी छन् ।

## प्रहरीमा ...

वर्षमा झारिएको हो ।

यसका लागि नेताको पिएसओ बसेका लगायतका ३२ जना प्रहरी अधिकृतले चलखेल गरेको प्रहरी प्रधान कार्यालय स्रोत बताउँछ । २०७६ सालमा लेखाको तालिम गरेर लेखामा काम गर्न नपाएकाहरुले अहिले गृहमन्त्री र प्रहरी नेतृत्वलाई प्रभावमा पारी आफु अनुकुल निर्णय गराएका हुन् ।

यद्यपि, पोहोर गरिएको गलत निर्णयलाई सच्याइएको दाबी गरिएको छ । तर, खासमा केही प्रहरी अधिकृतकै चलखेलमा हेरफेर भएको स्रोत बताउँछ । सो नीति संशोधन गरेलगत्तै लेखाका कर्मचारीको सरुवा गर्न लागिएको छ । त्यसका लागि व्यापक चलखेल सुरु भएको छ । करिब एक सय प्रहरी कार्यालयका एकान्टेन्टहरुको यसपटक सरुवा हुँदैछ । सरुवाका लागि केही बिचौलियाहरु भने पैसा उठाउन लागेको स्रोत बताउँछ ।

## देउवालाई ...

देउवालाई मतदान गरेका थिए ।

पछिल्लो समय थापाले देउवा समूहका केही नेताहरुलाई समेत साथमा लिन सकेका छन् । भित्र भित्रै उनको गृहकार्य चलिरहेको छ । अब गगन थापाले यसअघि आफूले प्राप्त गरेको मत जोगाएर २० सांसदलाई पक्षमा पार्न सक्नुपर्छ । काँग्रेसमा अहिले ८८ सांसद छन् । संसदीय दलको नेता बन्न ४५ मत आवश्यक पर्छ । त्यसो त थापा निकै उत्साही भएका छन् । उनले शनिवार विराटनगरमा बोल्दै संसदीय दलको नेता बन्ने अंकगणित पुऱ्याउन लागिरहेको खुलासा गरे । उनले आफू संख्या पुगेको दिन संसदीय दलको नेता बन्न प्रयासमा लाग्ने बताए ।

नेपाली काँग्रेसको विधान अनुसार संसदीय दलको नेता बन्न बहुमत सांसदको साथ आवश्यक रहन्छ । देउवासँग संसदीय दलको नेताको चुनाव हारेका थापा फेरि नयाँ प्रयासमा लागेका छन् । काँग्रेसको विधान अनुसार प्रधानमन्त्री बन्न संसदीय दलको नेता हुनुपर्छ । यथास्थितिमा नेपाली काँग्रेसबाट देउवा बाहेक अर्को नेता प्रधानमन्त्री हुन पाउँदैनन् । हुनका लागि संसदीय दलको नेताबाट देउवालाई प्रतिस्थापन गर्नुपर्छ । त्यस्तो आँट गगन थापाले मात्र गरेको देखिदैछ । डा. शेखर कोइराला, डा. सशांक कोइराला, प्रकाशमान सिंह जस्ता आकांक्षी समय कुरेर बस्दैछन् । उनीहरु देउवाको उत्तराधिकारी बन्न मै केन्द्रित छन् । देउवालाई हटाएर आफू काँग्रेसको नेतृत्व गर्ने आँट देखाइरहेका छैनन् ।

## नेपाल ...

अमेरिकी सहायकमन्त्रीहरु महिनै पिच्छे नेपाल आइरहेका छन् । चिनियाँ अधिकारीहरुको भ्रमण झन् बाक्लिएको छ । उनीहरु विभिन्न कार्यक्रम लिएर आइरहेका छन् । चीनले सिल्क रोडको नामले विगतमा चलाएको गतिविधिलाई विश्वभर फैलाइरहेको छ । बीआरआई र सिल्क रोड मात्र नभई चिनियाँ सांस्कृतिक कार्यक्रम फैलाउन पनि चीनले विविध कार्यक्रम गर्दै आएको छ । यसका लागि चिनियाँ अधिकारीहरु धमाधम नेपाल आइरहेका छन् ।

नेपालमा चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का नेताहरुको हरेक महिना जसो भ्रमण भइरहेको छ । गत महिना सीपीसी नेता तु स्याओलिन नेतृत्वको टोली नेपाल भ्रमणमा आयो । टोली चिनियाँ पूर्वाधारसम्बन्धी परियोजना बीआरआईसम्बन्धी कार्यक्रममा सहभागी भयो । स्याओलिनले नेपालमा बीआरआई कार्यान्वयनमा आइसकेको जसरी अभिव्यक्ति दिए । जब कि नेपाल सरकारले यसको कार्यान्वयन नभइसकेको बताउँदै आएको छ । उनले चीन निकट संस्था, थिंक ट्यांकसँग भेटघाट गरेका थिए ।

असारमै सीपीसीको एशिया ब्युरोका उपमहानिर्देशक सु मिन नेतृत्वको टोली नेपाल आयो । टोलीले प्रधानमन्त्री प्रचण्ड, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायत मुख्य दलका नेताहरुसँग भेटवार्ता गरेको थियो । असारको सुरुमै पोखरामा भएको नेपाल चीन फ्रेन्डशिप ड्रागन बोट रेस फेस्टिभलमा सहभागी हुन चीनका नेतादेखि खेलाडीसम्म आए । उनीहरु चाटर्ड विमानबाट पोखरा उत्रिएर फेस्टिभलमा सहभागी भएका थिए । दुई महिना अघि सीपीसीका सिचुआन प्रान्तका सचिव वाङ सियाओहुईको नेतृत्वमो १४ जनाको टोली नेपाल भ्रमणमा आएको थियो । टोलीले नेपालका प्रधानमन्त्री प्रचण्ड र माओवादी केन्द्रका अन्य नेताहरुलाई भेटेको थियो । साउन ७ मा सीपीसीको टोली नेपाल भ्रमणमा आउने भएको छ ।

नेपालमा कम्युनिस्ट पार्टी सरकारको नेतृत्वमा रहँदा चिनियाँ पक्षको भ्रमण बढ्ने गरेको छ । विगतमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र एक भई नेकपा रहँदा सीपीसीका उच्च तहका नेताहरुको भ्रमण भएको थियो । २०१७ मा एमाले र माओवादी बीच एकताको पहल भइरहँदा सीपीसीका नेता कुअ यचौ नेतृत्वको टोली नेपाल आएको थियो । टोलीले प्रचण्ड र ओली दुवैलाई भेटेको थियो । त्यसपछि एकताबाट नेकपा बन्यो । २०२१ मा नेकपा फुट्न लाग्दा यचौ पुनः नेपाल आएका थिए । उनले प्रचण्ड र ओलीलाई भेटेर नेकपा विभाजन रोक्न खोजे तर सकेनन् । नेकपा छँदा सीपीसीसँग संयुक्त प्रशिक्षण पनि भएको थियो । त्यतिबेला काठमाडौंमा सीपीसीका अन्तर्राष्ट्रिय विभाग प्रमुख तोङ साओ आएका थिए । सी चिनफिङ विचारधाराबारे दुई दिने वर्कशप नै भएको थियो । नेपालमा कम्युनिस्ट पार्टीहरु संसदमा दोस्रो र तेस्रो स्थानमा छन् । तेस्रो ठूलो दल माओवादी केन्द्र सरकारमा छ । जसका कारण पनि सीपीसीको गतिविधि बढेर गएको छ । विगतमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री हुँदा पनि चिनियाँ नेताहरुको दौडधूप उत्तिकै थियो ।

नेपालका दलहरु जोड्न र फुटाउन विदेशी शक्ति खुलेआम सक्रिय भएका छन् । उनीहरु छद्म भेषमा नेपालको धर्म, संस्कृति, भाषा, लिपिजस्ता महत्वपूर्ण विषयमाथि योजनावद्ध तरिकाले आक्रमण गरिरहेका छन् । अर्कोतर्फ, विदेशी शक्ति आ–आफ्नो स्वार्थमा नेपालमा चलखेल गरिरहेका छन् । उनीहरुको टकरावले नेपालमा ठूलो दुर्घटनाको खतरा बढ्दै गएको छ । यसै पनि देशमा कुनै पनि दलको बहुमत आउँदैन । राजनीतिक अस्थिरताको भूमरिमा देश पर्दै गएको छ । यही मौकाको फाइदा उठाउँदै बाह्य शक्तिले आफ्नो स्वार्थपूर्ति गर्न खोजिरहेका छन् ।